म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १०२ बुधबार ६ मंसिर २०८० ने. सं. ११४४ कछलाथ्व 22 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एक महिनाभित्रै १ सय ५७ जनाले दिए रगत

हेटौंडा, ५ मंसिर/रक्तसञ्चार केन्द्र हेटौंडामा कात्तिक महिनामा एक सय ५७ जनाले रक्तदान गरेका छन् । रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा भएको विभिन्न रक्तदान कार्यक्रम एवम् केन्द्रमै पुगेर उनीहरुले रगत दान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिए । उनका अनुसार, तीमध्ये १ सय २१ जनाले विभिन्न कार्यक्रममा र ३६ जनाले केन्द्रमै पुगेर रक्तदान गरेका हुन् ।

कात्तिक महिनामा जम्मा ४ वटा कार्यक्रम भएको थियो । जसमा न्यु भिजन ग्रुप, जेसिआई हेटौंडा लेडी, ईन्द्रसरोवर गाउँपालिकास्थित मितेरी बचत तथा ऋण सहकारी संस्था र शिखर ईन्सुरेन्स मकवानपुरले विभिन्न मितिमा कार्यक्रमको आयोजना गरेको प्राविधिक सापकोटाले बताए ।

# बागमती प्रदेशको क्रिकेट टिममा मकवानपुरका चारजना

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ पोखरामा हुने प्रथम केपी ओली कप टी-२० क्रिकेट प्रतियोगिता खेल्ने बागमती प्रदेश क्रिकेट टिममा मकवानपुरका चारजना खेलाडी छनोटमा परेका छन् ।





सन्दीप लामिछानेको कप्तानीमा रहेको बागमती प्रदेशको टोली घोषणा हुँदा मकवानपुरका दुई बलर र दुई ब्याट्सम्यान अटाएका हुन् । मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा यही मंसिर ७ देखि १५ गतेसम्म पोखरामा प्रथम केपी ओली कप टी-२० क्रिकेट हुँदैछ । जसका लागि बागमतीले लेगस्पीनर सन्दीपको कप्तानीमा मंगलबार १४ सदस्यीय टोली घोषणा गरेको हो । बागमतीले यसअघि २७ खेलाडीलाई क्याम्पमा बोलाएको थियो । त्यसैबाट अन्तिम टोली घोषणा गरेको हो ।

टिममा सन्दीपसँगै राष्ट्रिय टिमका प्रतिश जिसी पनि छन् । यस्तै राष्ट्रिय टिमबाट खेलिसकेका रामनरेश गिरी, इशान पाण्डे र दिपेश श्रेष्ठ पनि बागमतीको टिममा छन् । उमेर समूहको कप्तानी गरिसकेका रित गौतम पनि टिममा छन् । बागमतीको टिममा सन्दीप लामिछाने (कप्तान), सुभ कंसाकार, आशुतोष घिरइया, रित गौतम, गौरव खड्का, रोशन विक, प्रतीक श्रेष्ठ, सोनु देवकोटा, इशान पाण्डे, सबास खत्री, प्रतिश जिसी, रिजन ढकाल, रामनरेश गिरी, दिपेश श्रेष्ठ रहेका छन्।

टिम तयार पार्नुअघि बोलाइएको क्याम्पसबाट मकवानपुरबाट ५ जना खेलाडी सूचिमा परेका थिए । जसमध्ये एकजना वैकल्पिक खेलाडीको सूचिमा छन् । बागमती प्रदेश क्रिकेट टिममा मकवानपुरका रामनरेश गिरी (बलर), रिजन ढकाल (बलर), सुभ कंसाकार (ब्याटस्म्यान) र गौरव खड्का (विकेट किपर र ब्याटस्म्यान) अटाएका हुन् । वैकल्पिकमा सुमन सुनार रहेको मकवानपुर क्रिकेट संघका सचिव तथा एम्पायर विनोद बानियाँले जानकारी दिए । टिममा परेका चार जनासहित वैकल्पि खेलाडी सुनार सबै हेटौंडा उपमहानगरपालिकाबासी हुन् ।

प्रतियोगिता सात प्रदेश, तीन विभागीय टोली र आयोजकको दुई टोली गरी कूल १२ टोलीको सहभागिता रहने छ । जसलाई चार समूहमा विभाजन गरिएको छ । बागमती र कर्णाली प्रदेशसँगै मदन भण्डारी स्पोर्ट्स एकेडेमी रातो टिम समूह 'ए' मा छन् । बागमती र आयोजकको रातो टोलीबीच मंसिर ७ गते उद्घाटन खेल हुनेछ । यस्तै एपीएफ, गण्डकी र लुम्बिनी प्रदेश समूह 'बी' मा छन् भने नेपाल पुलिस क्लब, मधेश र सुदूरपश्चिम प्रदेश समूह 'सी' तथा त्रिभुवन आर्मी क्लब, कोशी प्रदेश र मदन भण्डारी स्पोर्ट्स एकेडेमी निलो टिम समूह 'डी' मा छन् ।

हरेक समूहको समूह विजेता मात्र सेमिफाइनल पुग्नेछन् । सेमिफाइनलमा समूह 'ए' को विजेता र समूह 'डी' को विजेता तथा समूह 'बी' को विजेता र समूह 'सी' को विजेताबीच खेल हुनेछ । फाइनल खेल मंसिर १५ गते हुनेछ ।

## छोराको कुटपिटबाट आमाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ मकवानपुरमा सौतेनी छोराको कुटपिटबाट मंगलबार एक महिलाको मृत्यु भएको छ । मनहरी गाउँपालिका-५ डिल्लिपुरमा घरायसी विवादका कारण सौतेनी छोराले कुटपिट गर्दा एक महिलाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा स्थानीय डिलबहादुर चेपाङको कान्छी श्रीमती अन्दाजी ५० वर्षीया सन्तमाया चेपाङ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । प्रहरीका अनुसार, गत कात्तिक २७ गते विवाद हुँदा डिलबहादुरको जेठी श्रीमतीको छोरा अन्दाजी २६ वर्षीय ईन्द्रबहादुर चेपाङले सन्तमाया कुटपिट गरेका थिए ।

इन्द्रबहादुरको कुटपिटबाट गम्भीर घाइते भएकी उनलाई उपचारको लागि चितवनको भरतपुरस्थित सरकारी अस्पतालमा लागिएको थियो । उनको सोही अस्पतालमा उपचारको क्रममा सोमबार बिहान मृत्यु भएको मकवानपुरका प्रहरी नायवउपरीक्षक भण्डारीले बताए ।

कुटपिटमा संलग्न इन्द्रबहादुरलाई प्रहरीले नियन्त्रणमा लिई घटनाको बारेमा आवश्यक अनुसन्धान गरिरहेको प्रहरी नायवउपरीक्षक भण्डारीले बताए ।

# मर्कामा मकवानपुरका दूध उत्पादक किसान

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ मकवानपुरगढी गाउँपालिका वडा नम्बर-३ मा रहेको मनकामना दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले दैनिक २ सय ४० जना किसानबाट ४ हजार ८ सय लिटर दूध संकलन गर्दै आएको छ ।

सहकारीबाट दूध संक्लनमा कुनै समस्या छैन । तर, हेटौंडा दूग्ध वितरण आयोजना लगायत निजी क्षेत्रका डेरी उद्योगहरुले नियमित रुपमा दूध संकलन गर्न छोडेर हप्तामा पाँच दिन मात्र दूध संकलन गर्नु भनेर जिल्ला दुग्ध उत्पादन सहकारी संस्था लिमिटेड मार्फत मनकामना दुग्ध सहकारीलाई भनेपछि अहिले किसानहरुले समस्या बेहोर्न थालेका छन् ।



हप्तामा दुइ दिन दूध संकलन सहकारीले बन्द गर्नुपर्दा यहाँ दैनिक रुपमा दुइ सय लिटरसम्म दूध बिक्री गर्दै आएका किसानहरु समस्यामा परेको सहकारीका व्यावस्थापक शशी लम्सालले बताए । यस सहकारीमा दैनिक रुपमा स्थानीय किसान मुकुन्दप्रसाद दाहालले २ सय ५० लिटर, ठाकुरप्रसाद दाहालले २ सय ५० लिटर, नारायणप्रसाद तिमल्सिनाले २ सय लिटर, नरेन्द्र लम्सालले एक सय लिटर, अर्जुनप्रसाद दाहालले ८० लिटर दूध बिक्री गर्दै आएका छन् । मिल्क होलिडेको समस्यामा यस सहकारीमा दूध बिक्री गर्ने यी किसान निकै समस्यामा परेका छन् ।

धेरै दूध बिक्री गर्ने किसान मात्र होइन, यस सहकारीमा दूध बिक्री गर्ने २४० जना किसान मिल्क होलिडेको समस्याले निकै नोक्सानी बेहोर्दै आएको व्यावस्थापक लम्साल बताउँछन् । मनकामना दुग्ध सहकारीमा आवद्ध किसान मात्र होइन, मकवानपुरका नौ हजार किसान 'मिल्क होलिडे' को समस्यामा परेका छन् । जिल्लाका बिभिन्न सहकारी संस्था मार्फत दूध बिक्री गर्दै आएका यहाँका नौ हजार किसान परिवार अघोसित रुपमा भइरहेको मिल्क होलिडेको समस्यामा परेका हुन् ।

किसानले उत्पादन गरेको दूध प्रत्येक हप्ता दुइ दिन दूध सहकारीले खरिद गर्ने कामलाई रोकेको छ । त्यसबाट मकवानपुरका किसानहरु समस्यामा परेको जिल्ला दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड मकवानपुरका व्यवस्थापक कुमारमणि दाहाल बताउँछन् । हप्तामा दुइदिन मिल्क होलिडे हुँदा एक महिनामा ३ करोड रुपैयाँको दूध खेर जाने समस्याले किसानहरु चिन्तित बनेका छन् । संघले हरेक दिन ६१ वटा दुग्ध सहकारीमार्फत् दैनिक ५० हजार लिटर दूध खरिद गरेर बिक्री गर्दै आएको छ ।

महिनामा ८ दिन दुग्ध बितरण आयोजना लगायत निजी डेरीहरुले दूध खरिद नगर्दा मिल्क होलिडेको समस्यामा किसानहरु रहेको उनले बताए । मिल्क होलिडे हुँदा किसानले उत्पादन गरेको दूध पुनः गाइ, भैसीलाई खुवाउनुपर्ने र फाल्नुपर्ने बाध्यतामा किसानहरु रहेको उनले बताए । एक दिन दूध बिक्री गर्न नपाउँदा किसानले ७१ लाख ५० हजार रुपैयाँ नोक्सानी बेहोर्दै आएका छन् ।

## देशमा अराजकता निम्तिएको छः प्रदेशप्रमुख शर्मा



साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ बागमतीका प्रदेशप्रमुख यादवचन्द्र शर्माले नेपाली समाज अराजकतातर्फ गइरहेको टिप्पणी गरेका छन् ।

हेटौंडामा मंगलबार भएको प्रदेश लोकसेवा आयोगको चौथो बार्षिकोत्सवमा बोल्दै प्रदेशप्रमुख शर्माले देशमा भइरहेको संक्रमणकालीन अवस्थाले अस्थिरतालाई निम्ता दिएको र सो अस्थिरताबाट समाजमा अराजकता सृजना भएको बताए । उनले राजनीति र प्रशासनका लागि संक्रमण र अस्थिरता हानिकारक हुने बताए । अराजकताका कारण राज्यका संरचनाहरु कमजोर बन्ने र देश संकटमा फस्ने भएकाले बेलैमा समस्या समाधानमा जुट्नु पर्ने उनले बताए ।

'राजनीति र प्रशासनमा संक्रमण राम्रो मानिन्न । तन्किरहेको संक्रमणले अस्थिरता जन्मन्छ । अस्थिरताले अराजकता । अहिले समाज अराजकतातिर गइरहेको छ ।', उनले भने, 'अराजकताले राज्यका संरचना कमजोर बन्छन् र देशमा संकट निम्त्याउँछ । यो संकटको अन्त्यका लागि बेलैमा समाधान गर्नुपर्छ । त्यसका लागि समस्याहरु भित्र समाधान खोज्न जरुरी रहेको छ ।', समाजको विकास क्रमसँगै विकृतिहरु निम्तिएकाले हाल देशमा विकृतिको पराकाष्ठाका रुपमा भ्रष्टाचार कायम भएको र त्यसलाई नियन्त्रण गर्न जरुरी रहेको उनले बताए ।

उनले प्रदेश लोकसेवा आयोगले निष्पक्ष र स्वतन्त्र रुपमा काम गरेर देशको पद्वतिलाई जोगाउने काम गरेको बताए । आयोगमा पनि केही समस्याहरु भएकाले त्यसको सुधारसँगै व्यवस्थापनमा अग्रसर हुनुपर्ने उनले बताए ।

'अहिले नियुक्त भएलगत्तै सरुवा माग्ने कर्मचारीको लर्को छ । यो गलत हो । त्यसलाई आयोग र सरकारको समन्वयमा समाधान गर्नुपर्छ । आयोगको सहमतिमा मात्र सरुवा हुने व्यवस्था गर्ने हो भने यो समस्या समाधान हुन्छ ।', उनले भनेका छन् ।

यसैगरी, बागमती प्रदेश लोकसेवा आयोगका अध्यक्ष सुरेशमान श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष श्रेष्ठले आयोगबाट सम्पादन भएका कामहरु, आर्थिक वर्ष २०७९/८० को अवधिमा ८२ वटा बढुवा सूचना, ९ वटा आन्तरिक अन्तर सेवा विज्ञापन, १० वटा अन्तरसेवा विज्ञापन, ५४ वटा खुल्ला प्रतियोगितात्मक र ६१ वटा समावेशी समूहका गरी एक सय ३४ वटा बढुवा सूचना तथा बिज्ञापनहरु प्रकाशन गरिएको जानकारी गराए ।

प्रकाशित विज्ञापनहरुबाट ९ सय ५० पदका लागि दरखास्त माग गरिएको बताउँदै श्रेष्ठले प्रदेशमा हालसम्म सात सय १३ जनालाई स्थायी नियुक्तिका लागि सिफारिस गरिएको जनाए ।

# मकवानपुरमा २२ प्रतिशत जनसंख्या करको दायरामा




साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ आन्तरिक राजस्व कार्यालय हेटौंडाले राष्ट्रिय कर दिवस तथा कर सप्ताह-२०८० को आयोजना गरेको छ । 'स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासन, सामाजिक न्याय, आर्थिक समृद्धि र सुशासन' भन्ने नाराका साथ मंसिर १ देखि ७ गतेसम्म कर सम्बन्धी विभिन्न कार्यक्रम आयोजना गरेको कर कार्यालय हेटौंडाका प्रमुख कर अधिकृत तुलसीप्रसाद भट्टराईले जानकारी दिए ।

१२ औं राष्ट्रिय कर दिवस अन्तर्गत मंगलबार हेटौंडाको कर कार्यालयमा पत्रकार तथा कर कार्यालयका कर्मचारीबीच कर सम्बन्धी विविध अन्तरक्रिया तथा छालफल कार्यक्रम भएको थियो । कर कार्यालय हेटौंडाले चालू आर्थिक वर्षमा करसम्बन्धी १ सय २१ पटक अनुसन्धान गरिसकेको कर अधिकृत भट्टराईले जानकारी दिए । कर दिवस यो वर्ष मात्र नभइ प्रत्येक वर्ष विभिन्न कार्यक्रम गरी मनाइने गरेको उनले जानकारी दिए । मकवानपुरमा २२ प्रतिशत जनसंख्या करको दायरामा आएको आन्तरिक राजस्व कार्यालय मकवानपुरले जनाएको छ ।

राष्ट्रिय कर दिवश तथा कर सप्ताहको अबसरमा मंगलबार मकवानपुरका संचारकर्मीबीच भएको अन्तरक्रियामा बोल्दै प्रमुख भट्टराईले जिल्लाको सरदर चार लाख ६६ हजार जनसंख्यामध्ये करिब एक लाख २ हजार ६ सय ८९ जना करदाता करको दायरामा आएको बताए ।

उनले हालसम्मको करदाता दर्ता सार्वजनिक गर्दै आयकर तर्फ दर्ता भएका ३१ हजार ८ सय ५७ जना, मूल्य अभिबृद्धि करमा दर्ता भएका ५ हजार ५ सय ३१ जना, अन्तःशुल्क दर्ता एक हजार ६ सय १६ जना, डब्लु प्यानतर्फ ६ सय ६८ जना, पी प्यानतर्फ ७० हजार एक सय ६४ जना करदाता तथ्यांकीय रुपमा दर्ता भएको बताए । राजस्व कार्यालय मकवानपुरले आ.ब २०७९/८० को राजस्व लक्ष्य तथा असुलीतर्फ सात अर्ब ५० करोड ३९ लाख ४२ हजार राजस्व असुलीको लक्ष्य लिएपनि ६ अर्ब ६० करोड ८८ लाख २२ हजार राजस्व असुली गर्न सफल भएको प्रमुख भट्टराईले बताए ।

यस्तै आ.ब २०८०/८१ को राजस्व लक्ष्य तथा असुलीतर्फ ८ अर्ब ८० करोड ४५ लाख २४ हजार लक्ष्य राखेकोमा कात्तिक महिनासम्म २ अर्ब ४७ करोड ५९ लाख ६४ हजार राजस्व असुली लक्ष्य लिएको र एक अर्ब ८७ करोड ४६ लाख ६४ हजार राजस्व असुली भएको प्रमुख भट्टराईले बताए । यस्तै बजार अनुगमन कार्यगत लक्ष्य तथा प्रगति अनुसार आ.ब २०७९/८० मा दुई सय ५० लक्ष्य लिएकोमा दुई सय ७६ वटा अनुगमन भएको र आ.ब २०८०/८१ मा एक सय ५० लक्ष्य राखेकोमा एक सय २० पटक बजार अनुगमनको काम भएको बताए ।

राष्ट्रिय कर दिवस अन्तर्गत मंसिर १ गते मकवानपुर उद्योग वाणिज्य संघको समन्वयमा शुभकामना आदानप्रदान, ४ गते मनहरीमा करदाता शिक्षा कार्यक्रम संचालन, ५ गते पत्रकार महासंघ मकवानपुरको समन्वयमा कर सम्बन्धी विविध अन्तरक्रिया तथा छलफल कार्यक्रम, ६ गते नेपाल अडिटर्स एसोसिएसन र उद्योग वाणिज्य संघको समन्वयमा विभिन्न ठाउँमा कर सचेतना कार्यक्रम र ७ गते उत्कृष्ट करदाता पुरस्कृत तथा उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम गर्दै कर सप्ताह समापन गरिने कर अधिकृत भट्टराइले जानकारी दिए ।

## भीमफेदीमा युवतीको शव फेला

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ मकवानपुरको भीमफेदी गाउँपालिका-९ कुडुलेमा सोमबार बिहान एक युवतीको शव फेला परेको छ । शब स्थानीय भगवानप्रसाद बर्तौलाको छोरी अन्दाजी २५ वर्षीया मुना बर्तौलाको रहेको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

प्रहरी नायवउपरीक्षक भण्डारीका अनुसार, मुनाको शव बिहान ६ बजेको समयमा आफ्नै भुईतले घरको आफू सुत्ने कोठाभित्र फलामको पाईपमा सलको पासो लगाई भुण्डिएको अवस्थामा फेला परेको हो । प्रहरी घटनास्थलमा पुगेर घटनाको बारेमा आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाइएको प्रहरी नायव उपरीक्षक भण्डारीले बताए ।

## मकवानपुरमा अज्ञात समूहद्वारा लुटपाट

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ मकवानपुरमा अज्ञात समूहद्वारा नगद १८ लाख लुटेर फरार भएका छन् । जिल्ला थाहा नगरपालिका-१ कुन्छालबाट धादिङ निलकण्ठ नगर पालिका वडा नम्बर ३ बस्ने ३३ बर्षीय सन्तोष श्रेष्ठको नगद १८ लाख लुटिएको प्रहरीले जनाएको छ ।



प्रहरीका अनुसार श्रेष्ठले अपरिचित व्यक्तिसँग मोबाइलमा धादिङ नौबिसेस्थित १२ रोपनी जग्गा सुपथ मूल्यमा किन्ने कुरा गरी नगद १८ लाख लिएर आएका थिए । ती अपरिचित व्यक्तिसहित पाँच जनाको समुहले रकम लुटपाट गरेको भनी प्रहरी समक्ष जानकारी गराएको बामगती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

आफू जग्गाको काम गर्ने अपरिचित ब्यक्तिले ९८६९....२७ मोबाइल नम्बरबाट फोन गरेको श्रेष्ठले प्रहरीलाई बयान दिएका छन् । उनका अनुसार ती ब्यक्ति मंगोलियन अनुहार भएको अन्दाजी ३५/४० बर्षको रहेका छन् । घटनाको बारेमा जानकारी प्राप्त भएपछि प्रहरीको टोली अनुसन्धानमा खटिएको बताईएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्यास रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# स्वास्थ्य बीमामा खेलवाड नहोस्

पछिल्लो १० महिनादेखि स्वास्थ्य बीमा बोर्ड नेतृत्वबिहिन अवस्थामा पुगेपछि देशभर समस्या सृजना भएको छ । स्वास्थ्यबीमा गर्ने बीमितले स्वास्थ्य उपचार पाउन सकेका छैनन् । स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेतको हस्तक्षेपका कारण बोर्ड १० महिनादेखि नेतृत्वबिहिन बन्न पुगेको आरोप लगाइएको छ । नियमित कार्य संचालनमा मात्रै नभई कर्मचारी भर्नाको बिषयमा समेत हस्तक्षेप गरेको मन्त्री बस्नेतमाथि आरोप छ । स्वास्थ्य बीमा बोर्डकाअनुसार देशका ७७ वटै जिल्लामा स्वास्थ्य बीमा कार्यक्रमलाई सक्रिय रुपमा अगाडि बढाउनलाई कर्मचारी भर्ना गर्न लागिएको थियो । आवश्यक कर्मचारी भर्ना गर्ने क्रममा लिखित परीक्षामा पास भएका उमेदवारको नाम सार्वजनिक गर्ने स्वास्थ्य बीमा बोर्डको तयारी थियो । तर, मन्त्री बस्नेतले यो परीक्षाको नतिजा प्रकाशन गर्न पनि रोकेको आरोप छ । कात्तिक मसान्तसम्म मात्र स्वास्थ्यबीमाको म्याद भएका कारण असोजकै दिनमा नबीकरण गरेका बीमितको मंसिर १ गतेदेखि स्वास्थ्यबीमा सुचारु हुनुपर्ने थियो तर, भएको छैन भन्ने जनगुनासो आएको छ ।

यतिबेला बीमतिको परिबारमा बिरामी भएको खण्डमा स्वास्थ्यबीमाको कार्यक्रमले समेट्दैन भनेर चिन्तित भएका छन् उनीहरु । भदौ १ गतेदेखि सेवा सुचारु हुनुपर्नेमा मंसिर १ गतेसम्म पनि बीमाबाट हुने उपचार सुविधा उपभोग गर्न नपाएको गुनासो आएको छ । स्वास्थ्य बीमा नियावली २०७५ का अनुसार 'स्वास्थ्य बीमा' दर्ता होस् या नवीकरणको निवेदन अवधि तीन-तीन महिना, बर्षको चारपटक तोकिएको हुन्छ । त्यसको पाँचौ महिनामा स्वास्थ्य बीमा सेवा सुविधा सुचारु हुने कानुनी प्रावधान छ । तर, मकवानपुरमा नवीकरण गर्न रकम बुझाएकाहरुको तोकिएको अवधि पार गर्दा समेत स्वास्थ्य बीमा सुचारु हुन नसकेको हो । स्वास्थ्य बीमा नियमावली २०७५ का अनुसार वैशाखदेखि असार महिनासम्म दर्ता वा नवीकरण भएकोमा सोही वर्षको भदौ एक गतेदेखि, साउनदेखि असोज महिनासम्म दर्ता वा नवीकरण भएकोमा सोही वर्षको मङ्सिर एक गतेदेखि, कात्तिकदेखि पुस महिनासम्म दर्ता वा नवीकरण भएकोमा सोही वर्षको फागुन एक गतेदेखि र माघदेखि चैत महिनासम्म दर्ता वा नवीकरण भएकोमा अर्को वर्षको जेठ एक गतेदेखि हुने व्यवस्था छ । मकवानपुरमा स्वास्थ्य बीमा गर्नेको संख्या पनि निरन्तर बढ्दो छ । जसले स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रहेको देखिन्छ ।

स्वास्थ्य बीमा कार्यक्रमले विपन्न, असहायहरुलाई प्रत्यक्ष लाभ मिलेको छ । तर, स्वास्थ्य बीमा बोर्डले समयमै आवश्यक प्रक्रिया पूरा गर्न नसकेका कारण बीमितहरुको आधारभूत आवश्यकतामाथि खेलबाड भइरहेको हो । बीमाको रकम तिरेपछि पनि सेवा नपाउनु सामान्य विषय नभई राज्यको तर्फबाट भएको गम्भीर त्रुटी रहेको सरोकारवालाहरुको गुनासो छ । मकवानपुरमा स्वास्थ्य बीमा गर्ने ३० हजार ५ सय २ जना थपिएका छन् । जिल्लामा बीमा गर्नेको संख्या २ लाख १० हजार ५ सय ५१ पुगेको दर्ता अधिकारीहरुले बताएका छन् । स्वास्थ्य बीमा बोर्डले कर्मचारीको अभाव भन्ने बहाना गरेर जनस्वास्थ्यमा खेलवार्ड गर्न मिल्दैन । नागरिकको स्वास्थ्यप्रतिको अधिकार राज्यले कुनै पनि बहानामा हनन गर्न मिल्दैन । सम्बन्धित निकायले बेलैमा ध्यान दिएर स्वास्थ्य बीमा गर्नेहरुको उपचारमा सहजता ल्याउनुको बिकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर ७ गते बिहीबार, २३ नोभेम्बर २०२४ । एकादशी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:३२, सूर्यास्त ५:०७ । हरिबोधनी एकादशी व्रत तुलसी विवाह वराहक्षेत्रमा धार्मिकमेला शूरु ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अधुरो काम बन्ने सम्भावना छ | तुला | : काम बन्नाले उत्साह जाग्नेछ |
| वृष | : मित्रहरुबाट सहयोग हुनेछ | वृश्चिक | : दोहोरो लाभ मिल्नेछ |
| मिथुन | : आफन्तबाट विरोध हुनेछ | धनु | : श्रमबाट प्रशस्त लाभ हुनेछ |
| कर्कट | : पेसाबाट घाटा देखिन्छ | मकर | : पारिवारिक समस्या आउनसक्छ |
| सिंह | : कामको उचित प्रतिफल पाइनेछ | कुम्भ | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| कन्या | : धन आर्जन हुनेछ | मीन | : अधुरा योजना पूरा हुने देखिन्छ |

# भूकम्पले बेलाबेला पाठ सिकाए पनि हामीले व्यवहारमा लागू गर्न सकेनौँ



डा. लोक विजय अधिकारी

जाजरकोट केन्द्रबिन्दु बनाएर भूकम्प गएपछि कहाँकहाँ कसरी क्षति भयो भनेर अध्ययन र भूकम्पपछिको परकम्पको अध्ययन गर्नका लागि तथा नयाँ विशेष यन्त्र स्थापना गर्ने विशेष उद्देश्य लिएर हामी जाजरकोट गएका थियौँ । हामीले केन्द्रबिन्दु वरपर र धेरै क्षति भएको ठाउँ अध्ययनका हिसाबले एक हप्ता बितायौँ । अरु धेरै अध्ययन त गर्न बाँकी छ तर,सरसर्ती हेर्दा केन्द्रबिन्दुबाट करिब २० किलोमिटर टाढा सबैभन्दा क्षति भएको देखियो । क्षतिको हिसाब गर्दा दुई किसिमले असर गरेको देखियो ।

भेरी नदीको किनारमा नदीले बनाएका टार अर्थात् ढुङ्गा, बालुवा, ग्रेगरहरुमा रहेका बस्तीहरुका घरहरु सबैभन्दा धेरै क्षति भएको पाइयो । अर्को भनेको डाँडाको बस्तीहरुमा धेरै क्षति भएको पाइयो । त्यो भनेको जाजरकोटको नलगाडको चिउरी, रुकुमको ज्यामिरकोट तथा खलङ्गामा मानवीय क्षति धेरै भएको पाइयो । भौगोलिक बनावटको कुरा गर्दा नदीका किनार तथा डाँडाका धुराहरुमा बढी क्षति भएको पाइयो ।

हामीलाई पनि केन्द्रबिन्दु नजिक धेरै क्षति हुन्छ भन्ने लागेको थियो । तर, केन्द्रबिन्दुभन्दा २० किलोमिटर पर धेरै क्षति भएको पाइयो । यो कुरा त्यहाँ गएर स्थलगत अध्ययनपछि मात्र थाहा भयो । केन्द्रबिन्दु नजिक पनि क्षति नभएको होइन तर २० किलोमिटर पर भने मानवीय क्षति बढी भएको पाइएको छ । हामी गएको बारेकोट गाउँपालिकाको प्रत्येक वडामा कम्तीमा पनि दुई/तीन वटा घर पूर्णरुपमा ध्वस्त भएका छन् ।चर्किएका घरहरु पनि छन् । झन् केन्द्रबिन्दु नजिक भएको हुनाले त्यसो नहुने कुरै छैन । यसका दुई वटा कारणहरु छन् । जस्तो हाम्रो हिमालयमा जाने भूकम्पहरुको चट्टान कसरी 'स्लिप' भएको छ भन्ने थाहा पाउनुपर्छ । जस्तो यो भूकम्पमा करिब करिब दुई किलोमिटर दरार (रफ्चर) भयो अर्थात् चिप्लियो भनौँ बुझ्नका लागि । चट्टानहरु एक ठाउँबाट अर्को ठाउँमा सरे ।

गोरखा भूकम्पमा यो एक सय ४० किलोमिटर थियो । अर्थात् त्यति धेरै चट्टान सरेको थियो । त्यो भनेको गोरखादेखि सिन्धुपाल्चोकसम्म पर्छ । यो भूकम्पमा चाहिँ केवल दुई किलोमिटर भागमा मात्र दरार उत्पन्न भयो । जति ठूलो भूकम्प हुन्छ त्यति धेरै 'स्लिप' अर्थात् चिप्लने हुन्छ । गोरखा भूकम्पमा झण्डै सात मिटर सम्मको 'स्लिप' भएको थियो । गोरखा भूकम्पले काठमाण्डौ एक मिटर तल सर्यो भन्ने छ ।काठमाण्डौ पश्चिमतर्फ लगभग ४५ सेन्टिमिटर सर्यो भन्ने छ । यो भूकम्पले भने १०/१५ सेन्टिमिटर 'स्लिप' भएको भन्ने अनुमान छ । यो स्लिपको दिशा भने दक्षिणपूर्वतर्फको छ । सम्बन्धित ठाउँभन्दा पनि बाहिर क्षति हुनुको कारण एउटा यो हो । जस्तो गोरखा भूकम्पमा गोरखामा भूकम्प गए पनि पूर्वतर्फ क्षति बढ्दै गयो । तर, पश्चिमतर्फ केही पनि भएन।

जाजरकोटको भूकम्प भनेको आफैँमा मझौला भूकम्प हो । ठूलो भूकम्प होइन । त्यसमा पनि यसको दरार (रफ्चर) दक्षिणपूर्वतर्फ गयो र दक्षिणतर्फ बढी क्षति भयो । यसको एउटा कारण 'लोकल साइड इफेक्ट' अर्थात् भेरी नदीको किनारमा स्थानीय भौगर्भिक असरका कारण बढी क्षति भयो । अर्को भनेको भूकम्पका तरङ्गहरुको 'टोपोग्राफिक' असरका कारण बढी क्षति हुन्छ । साधारणतया चट्टानमा भूकम्पको केन्द्रबिन्दुबाट आइरहेका तरङ्गहरुको शक्ति बेसीमाभन्दा पहाडमा बढी हुनु, नदीको छेउमा बनेका टारहरुमा बढी हुनु, बढी समयसम्म रहेका कारण त्यो ठाउँमा बढी क्षति भएको पाइयो ।

**भूकम्प मापन प्रविधि जडान**

जाजरकोटको बारेकोटमा हामीले भूकम्प मापन प्रविधि जडान गरेका हौँ । अरु दुई/तीन ठाउँमा भने नास्टले राखेको हो । २०७२ सालको भूकम्पपछि ताप्लेजुङदेखि दार्चुलासम्म गरेर हामीले ४२ वटा भूकम्प मापन केन्द्र स्थापना गरेका छौँ । त्यसमध्ये धेरैजसो मध्यपहाडी क्षेत्रमा केन्द्रित छन् । हामीले भूकम्प मापन केन्द्र स्थापना गर्नुको कारण भने भूकम्प कहाँ गयो, कति रेक्टर स्केलको गयो भन्ने सूचनाको लागि हो ।

अहिले पनि हिमाल तथा तराईतिर भूकम्प गयो भने त्यसका लागि भूकम्प मापन केन्द्रहरु कम छन् । यी केन्द्रहरुले नेपालभरी गएका दुई रेक्टरस्केलभन्दा माथिका भूकम्पहरु मापन गर्ने काम गर्छ । तर, त्योभन्दा साना भूकम्पहरु भने भूकम्प मापन केन्द्रको यो यन्त्रले मापन गर्दैन । अहिले काठमाण्डौभित्र पनि धेरै भूकम्प गइरहेका छन् । त्यहाँ गएका एक रेक्टर स्केलको भूकम्प पनि मापन हुन्छ भने नेपालभरीको कुरा गर्दा दुई रेक्टर स्केलभन्दा माथिका भूकम्पहरु मात्र मापन हुने गर्छ ।

अहिले हामीसँग काठमाण्डौ तथा सुर्खेतमा गरेर दुई वटा मुख्य केन्द्रहरु छन् । एउटा प्युठानदेखि पूर्वतिरका केन्द्रहरुलाई समेटेर त्यहाँको तथ्याङ्क समेट्ने गरेर काठमाण्डौ केन्द्र । सुर्खेतमा भएको केन्द्रले भने पश्चितिरको तथ्याङ्क समेट्ने गर्छ । अहिले जाजरकोटमा गएको भूकम्पको नजिकको मापन केन्द्र भने रुकुममा रहेको केन्द्र हो । यो भनेको केन्द्रबिन्दुबाट झण्डै २०/२५ किलोमिटर टाढा होला । त्यसभन्दा टाढा जाने हो भने अर्को केन्द्र भनेको मुगुमा छ । त्यसपछि दक्षिणतर्फ भनेको दैलेखमा हो । केन्द्रहरु टाढा भएका कारणले त्यहाँ गएका साना साना भूकम्प भने मापन हुँदैनन्, छुट्छन् ।

अहिले भूकम्प मापन केन्द्र राख्नुको कारण भनेको भूकम्पका परकम्पन मापनको लागि हो । अर्को भनेको भौगोलिक दरार पत्ता लगाउनु तथा भूकम्प ठ्याक्कै कहाँ गएको भन्ने पत्ता लगाउनु पनि हो । विदेशबाट वा बाहिरका केन्द्रहरुले ठूला भूकम्पको अध्ययन गर्न अलिकति तथ्याङ्क होला । तर, नजिकको हुँदैन । नजिक नहुँदा सही तथ्याङ्क आउँदैन । साना भूकम्पहरुले त्यस ठाउँमा भूकम्प जाने दरारको अवस्था त्यसको प्रकृति कस्तो हो भनेर पत्ता लगाउने कामका लागि पनि मापन केन्द्रहरु राखिएका हुन् ।

हामीले समाचारमा सुन्दा भूकम्पको केन्द्रबिन्दु यहाँ भनेर सुने पनि त्यो ठ्याक्कै कहाँ हो भन्ने पत्ता लगाउनु भूकम्प मापन केन्द्रको मुख्य काम हो । किनकि दुई/चार किलोमिटर टाढा हुँदा पनि अध्ययनका हिसाबले त त्यसले धेरै नै फरक पर्छ । यी दरारको अध्ययनबाट हामीले कस्तो खालको क्षति भयो भनेर पत्ता लगाउन सक्छौँ । किनकि केन्द्रबिन्दुको नजिक धेरै क्षति हुन्छ भन्ने कुरा हामीले सोचे जस्तो भएन । हुनत अहिले जाजरकोटको भूकम्पमा पुराना घरहरु बढी क्षति भएका छन् । नयाँ घर भए पनि ढुङ्गामाटो प्रयोग गरेका कच्ची घरहरु बढी क्षति भएका छन् । पक्की भवनमा कम क्षति भएको छ ।

तर, कच्ची घर भए पनि सबै ठाउँमा उस्तै किसिमको क्षति भएको छैन । गोरखाको भूकम्पमा पनि काठमाण्डौको सबै ठाउँमा उस्तै प्रकारको क्षति भएको थिएन । यसबाट के बुझिन्छ भने भूकम्पको तरङ्गले एकै किसिमको असर गर्ने जस्तो हाम्रो ठाउँ छैन । भोलि हामीले सुरक्षित आवास निर्माण गर्दा, सुरक्षित संरचना निर्माण गर्दा भूकम्पीय अध्ययन गर्नको लागि सजिलो होस् भनेर यस्ता केन्द्रहरु राखिएका हुन् ।

त्यस क्षेत्रका मान्छेले आफ्नो जीवनमा थाहा पाएको सबैभन्दा ठूलो क्षति भएको भूकम्प नै जाजरकोट भूकम्प भयो । अझै पनि ठूलो भूकम्प जाँदा हाम्रो कुन क्षेत्र कति जोखिममा छ भनेर विस्तृत र पूर्णरुपमा अध्ययन गर्न सकेका छैनौँ । यी विविध कारणले हामीले त्यहाँ भूकम्प मापन केन्द्र स्थापना गरेका हौँ ।

**हिमालय क्षेत्र नै भूकम्पीय जोखिममा**

भूकम्पको कुरा गर्दा हामी सधैँ नै भूकम्पीय जोखिममा छौँ । त्यो कुरालाई हामी विगतमा गएका भूकम्पलाई हेर्यौँ भने पनि ऐतिहासिक रुपमा भन्न सक्छौँ । त्यस्तै, वैज्ञानिक अध्ययन अनुसन्धानले पनि के देखाएको छ भने हिमालय सधैँ आफैँमा भूकम्पीय जोखिममा छ ।

पश्चिमतर्फको कुरा गर्दा विगत पाँच सय वर्षदेखि त्यहाँ भूकम्पीय शक्ति जम्मा भइरहेको र त्यो प्रक्रिया सधैँ चलिरहने पश्चिम नेपाल पनि भूकम्पीय जोखिममा छ । त्यहाँ आठ रेक्टर स्केलभन्दा ठूलो भूकम्प जाने शक्ति पहिलेदेखि छ भनेदेखि त्यहाँ पाँच/छ रेक्टरको भूकम्प जहिले पनि जान सक्ने भयो ।

हामी पश्चिम नेपाल मात्र नभएर सबै क्षेत्र अर्थात् सिङ्गो नेपाल नै भूकम्पीय जोखिममा छ । जस्तो मध्य नेपालमा गोरखा भूकम्पपछि पनि काठमाण्डौभन्दा दक्षिणतर्फ बाँकी रहेको शक्ति पनि बाँकी नै छ । त्यहाँ पनि भूकम्प जान सक्छ । पूर्वतर्फ पनि ९० सालभन्दा पछि गएको भूकम्पले प्लेट सर्दा जम्मा भएको शक्ति बाँकी नै छ । त्यहाँ आठ रेक्टर जाने शक्ति नभए पनि त्यो शक्ति त त्यहाँ जम्मा भइरहेको छ । त्यसकारण सबै ठाउँ भूकम्पको जोखिममा छ ।

आठ रेक्टर जान सक्ने ठाउँमा छ र ेक्टर जाँदा त यो क्षति भएको छ । यसकारण हामी सबै सदैव, सबै क्षेत्र भूकम्पीय जोखिममा छौँ । अब भूकम्प जाने जोखिमको कुरा गर्दा कहाँ, कहिले भन्ने प्रश्न पनि आउँछ । तर, यसलाई मानिसको जीवनसँग तुलना गर्दा हुन्छ । मानिसको मृत्यु अवश्यम्भावी छ तर, कहाँ, कहिले कसरी भन्ने थाहा नभए जस्तै हो भूकम्प पनि । यसकारण कसरी स्वस्थ हुने भनेर हामी लागि परेजस्तै भूकम्पबाट कसरी जोगिने भन्ने कुरामा सदैव सचेत हुनुपर्छ ।

**ठूलो जोखिमबाट जोगिने मौका**

बेलाबेलामा गएका भूकम्पले हामीले पाठ त सिकेका छौँ । तर, त्यसलाई व्यवहारमा भने लागू गरेका छैनौँ । यो भन्दा ठूलो जोखिम आउन सक्ने परिस्थिति छ । यति सानो आउँदा त यति क्षति हुन्छ भने ठूलो आउँदा के होला भनेर जोगिने मौका पनि हो यो भूकम्प । जस्तो हामी पूर्वकम्प भन्छौँ ठूलो भूकम्प जाँदा सानो अगाडि आयो भने त्यसले कम क्षति गर्छ भन्छौँ । बझाङमा त्यस्तै भयो । त्यस्तै अवस्था चाहिँ साना साना भूकम्प आएर भोलि भविष्यमा जाने ठूलो भूकम्पको तयारीका लागि एउटा मौका पनि दिएको हो प्रकृतिले । तर, हाम्रो काम जहिले पनि के देखिन्छ भने भूकम्प गइसकेपछि विपद् व्यवस्थापनतिर मात्रै लाग्ने गरेका छौँ । हामीले पूर्व तयारीभन्दा पनि भूकम्प गइसकेपछि व्यवस्थापन गर्नतिर लाग्ने गरेको देखिन्छ । यस्ले हामीलाई कहिले पनि सुरक्षित राख्ने देखिँदैन ।

भविष्यमा जान सक्ने ठूला भूकम्पलाई मध्यनजर गर्दै हामीले सरकार तथा नागरिकले के गर्ने भन्ने बुझ्नुपर्छ । हामी जहिले पनि भूकम्पीय जोखिममा रहेका कारण भवनहरु बनाउँदा भूकम्पबाट कम क्षति कसरी हुन्छ भन्ने तरिका बुझेर आफैँ पनि लाग्नुपर्ने भयो । तर, अहिलेको पुन:निर्माण हेर्दा पुरानै शैली देखिएको छ । यसमा भने नागरिका आफैँ सचेत भएर लाग्नुपर्ने छ । अब बन्ने भवनले कम्तीमा जोखिम नबढाओस् भनेर सरकारले पनि यो कुरामा ध्यान दिनुपर्यो । अर्को भनेको भूकम्प जानुअघि र गइसकेपछि के गर्ने भन्ने बारेमा शिक्षा दिनु पनि जरुरी देखिएको छ । सबै कारणले गर्द बच्चादेखि प्रौढसम्मलाई भूकम्प सम्बन्धी शिक्षा दिनु जरुरी देखियो । भूकम्प सम्बन्धी शिक्षालाई पाठ्यपुस्तकमै पनि समावेश गर्नुपर्ने जरुरी भयो ।

**ठूलो भूकम्प जाँदा हुनसक्ने क्षतिकाबारे अध्ययन**

अहिले हामीले बनाएका संरचना भोलि ठूलो भूकम्प जाँदा कति क्षति हुन्छ के हुन्छ भन्ने बारेमा हामीसँग केही पनि अध्ययन नै छैन । अब सरकारले गर्नुपर्ने भनेको हामी ठूलो भूकम्प जानसक्छ भनिरहँदा गयो भने कहाँ कस्तो क्षति हुनसक्छ भनेर अध्ययनकै जरुरी भयो पहिला भनेको । जुन काम हामीले अहिलेसम्म गरेका छैनौँ । अध्ययन गरिसकेपछि बनाएका संरचना बल्ल सुरक्षित हुन्छन् ।

भूकम्प पश्चातको तयारीमा भने अहिले पनि धेरै नै कमी कमजोरी अहिले पनि देखियो । अहिले ऐन, कानुन केहीले रोकेको त होइन होला । सेना र प्रहरीको खोज तथा उद्धार भने उत्कृष्ट रह्यो । हामी भोलिपल्ट जाजरकोट पुग्दा पनि त्यहाँका सम्पूर्ण घाइतेहरुलाई उद्धार गरिसकिएको थियो । तर, त्यस अनुसार राहत वितरणको काम भने भएन । यस्ता कुरामा पनि हामीले ध्यान दिनुपर्छ । किनकि भूकम्प गइसकेपछि उद्धार तथा राहतको काममा हामीसँग पहिलेको राम्रै अनुभव छ ।

अब हामी भूकम्पबाट सुरक्षित रहनका लागि अब हामीले बनाएका संरचनाले जोखिम नबढाओस् भनेर पहिला ध्यान दिनुपर्यो । त्यो भनेको अब हामीले बनाउने संरचना भूकम्प जोखिम रहित हुनुपर्यो । अब हामीसँग पहिले नै भएका जोखिमयुक्त संरचनाको पनि लगत र ाख्नुपर्ने भयो । र, त्यसलाई सबलीकरण गर्नतिर पनि लाग्नुपर्ने भयो ।

*साभार: उज्यालो अनलाइन*

# पीडितलाई न्याय दिने प्रक्रिया पुराना दलहरूले रोकेका छन्



रवि लामिछाने

सदनले गर्ने कामकारबाही मूलत: सरकारको गम्भीरता र कार्यक्षमतामा भरपर्छ । सदनको नेतृत्व त सभामुखले गर्नुहुन्छ तर सदनका काम कारबाही पनि अन्तत: बहुमत र अल्पमतमा हुने भएकोले सरकारसँग जोडिएको हुन्छ । किनकि, सरकार सदनमा जसको बहुमत छ उसैले बनाउँछ ।

यस हिसाबमा, सदनले गर्ने काम प्रत्यक्ष र परोक्ष सरकारसँग नै सम्बन्धित हुन्छ । यस अर्थमा, यो सदनले के गर्‍यो कति गर्‍यो भन्ने कुरा सरकार र सत्ता गठबन्धनसँग जोडिन आउँछ । जहाँसम्म टीआरसी सम्बन्धी विधेयकको कुरा छ- हामीले प्रष्ट भनेका छौं कि यो कुनै पार्टी विशेषको कुरा होइन । यो आजको राष्ट्रिय कार्यभार हो । यो राज्यद्वारा न्याय सम्पादन गर्ने कुरा हो, तसर्थ यो महत्वपूर्ण कुरा हो ।

राष्ट्रिय स्वतन्त्र पार्टी संक्रमणकालीन न्यायलाई छिटो र उपयुक्त विधिबाटै गर्नुपर्छ भन्ने कुरामा प्रष्ट छ र हामी यो प्रक्रियालाई एउटा जिम्मेवार पार्टीका हिसाबले सहयोग गर्न तयार छौं । यो राष्ट्रिय सहमति वा गठबन्धन सहमतिको विषय होइन, यो त पीडितलाई न्याय दिने कुरा हो ।

यसमा दुवै पक्षबाट भएका गम्भीर मानवअधिकारको उलंघन र जघन्य अपराधका प्रशस्त घटना छन् । सत्ता शक्ति वा सहमतिबाट झुक्याएर वा झुलाएर समाधान गरिन खोजिएका कारणले १७ वर्ष बित्यो । यसलाई पीडितलाई न्याय दिने हेतुले सही प्रक्रियामा लग्न कसैले रोकेको छ भने त्यो पुराना दलहरूले नै हो । राजनीतिक पार्टीहरू जो हिजो यो द्वन्द्वका बेलामा कुनै न कुनै रूपमा सम्बन्धित थिए उनीहरू नै गम्भीर छैनन् ।

जहाँसम्म शीर्ष तहको सहमति, छलफल र बैठक भनिन्छ यो आफैंमा कति लोकतान्त्रिक छ ? यो नेतृत्वले कसको विचार बोक्छ ? आफ्नो पार्टीको वा नेपाली जनताको ? तसर्थ, यो शीर्ष भन्ने अवधारणा आफैंमा त्यति सुहाउँदो भएन । न्यायले केवल विधि र विधान चिन्छ कुनै शीर्ष चिन्दैन । तर हाम्रा पुराना पार्टीहरूले विधि र विधानलाई कहिले पनि महत्व दिएनन् । जसका कारण न्याय पाउन पनि अमूक नेताहरूमा भरपर्नुपर्ने भयो र जनताका अति आवश्यक कुराहरू पनि प्रथामिकतामा पर्न सकेनन् ।

अझ, प्रतिनिधि सभाको सवालमा त हामीले सभाको कामकारबाही व्यवस्थित गर्न प्रतिनिधिसभा नियमावली पनि बनाएका छौं । तर, पुराना पार्टीहरूले आजको परिवर्तित व्यवस्थामा पनि आफ्ना पुरानो संसदीय प्रवृत्ति नछोडेका कारण, आज पनि सदन प्रभावकारी हुन सकेको छैन । सदन प्रतिनिधि सभा सदस्यहरूले सभामुखको नेतृत्वमै सञ्चालन हुनुपर्ने हो र कार्यसूची अनुसार नै जानुपर्ने हो । तर, अगाडि मैले भने जस्तो सरकारको भूमिका यसमा महत्वपूर्ण हुन्छ । तर गठबन्धनको सरकार सदनलाई देश र जनताको पक्षमा होइन, आफ्नो सत्तास्वार्थमा मात्र प्रयोग गर्न चाहन्छ । जसले गर्दा, सदन प्रभावकारी हुन सकेको छैन ।

शान्ति सम्झौताका हस्ताक्षरकर्ता नै अहिले प्रधानमन्त्री हुनुहुन्छ, सत्ता साझेदार कांग्रेससँग घाँटी जोडिएको पनि वर्षौं भैसकेको छ । त्यसैले गर्दा मलाई लाग्छ- नेताहरूले बाहिर आफूलाई सिरियस देखाए पनि भित्र चाहिं संवेदनशील छैनन् । निश्चितरूपमा सदनको नेतृत्व पनि यसमा जिम्मेवार हुन्छ तर यसो भन्दै गर्दा, संसदीय प्रणालीमा सरकार भनेको सदनको बहुमत हो भन्ने तथ्यलाई पनि हामीले नकार्न मिल्दैन ।

विस्तृत शान्ति सम्झौता भएको १७ वर्ष पूरा भएर १८ वर्ष लाग्यो । राजनीतिक पार्टी वा राजनीतिकर्मीको रूपमा हाम्रो उदय भएको डेढ वर्ष हुँदैछ । यो विषय नटुङ्गि र अहिलेको सदनसम्म आइपुग्नु नै विडम्बना हो । तथापि अहिलेको सदनसम्म आइपुगेपछि अहिलेको राजनीतिक शक्तिको रूपमा हाम्रो पनि भूमिका रहन्छ । तर पूराना हस्ताक्षरकर्ता दलहरूले सर्वपक्षीय बैठकहरू गर्दा पनि हामीलाई बोलाउने गर्नुभएको छैन ।

यी विषयहरू उहाँहरूले नै सम्झौता गरी टुंग्याउनुहुन्छ भने लौ न त भनेर हामी चुपचाप बसिदिएका छौं । तापनि उहाँहरूको सम्झौता कस्तो हुन्छ, गम्भीर मानवअधिकार उल्लघंनका विषय कसरी समेटिन्छन् भनेर हामी नियालेर हेरिरहेका छौं ।

दलीय सहमतिको नाममा सदनभित्र छलफल नगरी बाहिर बाहिर छलफल गरिनु कदापि ठीक होइन । तर पनि परिणाम निस्किएको भए त्यसलाई अन्यथा भनिहाल्ने पक्षमा हामी थिएनौं । सदनबाहिरबाट उहाँहरूले निकास दिन नसकेपछि अब सदनबाट निकास दिनेगरी अघि बढ्नुपर्छ, नत्र १७ वर्ष भइसक्यो, अझै कति ढिला गर्ने हो र ? अब भने निकास दिनपर्छ र सदनको नेतृत्व यसमा जिम्मेवार हुनपर्छ । हामीले पनि अब यसको निकासका लागि दबाब दिनपर्ने अवस्था आएको महसुस हुन थालेको छ ।*साभार: अनलाइनखबर*

# एमसीसीको पुन: टेन्डर अन्योलमा, बोर्ड बैठकसमेत अनिश्चित

साझाकुरा संवाददाता

काठमाडौं/प्रसारण लाइनको ठेक्का रद्द भएर एमसीसी परियोजना संकटमा फस्दा समेत मिलिनियम च्यालेन्ज एकाउन्ट नेपाल (एमसीए) सञ्चालक समिति (बोर्ड) बैठक बस्न सकेको छैन ।

२ महिनादेखि अर्थसचिव अध्यक्ष रहेको एमसीएको बोर्ड बैठक नबस्दा एमसीसीको प्रसारण लाइन परियोजनाको निर्माणका लागि पुन: टेन्डर आह्वान गर्ने विषय अन्योलमा परेको छ ।

ठेक्का रद्द गरेपछि छिटो नयाँ ठेक्का प्रक्रिया सुरु गर्नुपर्नेमा अहिलेसम्म एमसीए नेपालले ठोस खरिद योजना र कार्यतालिका बनाउन सकेको छैन । यस्तो अवस्थामा डिसेम्बरदेखि अमेरिकामा क्रिसमस र नयाँ वर्षको माहोल सुरु हुने भएकाले एमसीसीबाट लिनुपर्ने 'क्लियरेन्स'मा समेत ढिलाइ हुने जोखिम छ ।

सम्भावित समस्या तथा चुनौतीहरु टार्न र खरिद प्रक्रियालाई छिटो अघि बढाउन तीव्र तयारी गर्नुपर्ने बेला एमसीएको बोर्ड बैठक समेत बस्न नसक्दा परियोजनाको भविष्यमाथि सरकारभित्रै आशंका बढ्न थालेको छ ।

अर्थ मन्त्रालय स्रोतका अनुसार प्रसारणलाइनको ठेक्कामा अनुमानितभन्दा बढी मूल्य कबोल भएर समस्या परेपछि २० सेप्टेम्बरमा एमसीएको बोर्ड बैठक बसेको थियो । बैठकले एमसीए व्यवस्थापनलाई उच्च मूल्यमा टेन्डर परेपछि उत्पन्न समस्या समाधानका विकल्पहरु बोर्ड समक्ष पेश गर्न निर्देशन दिएको थियो ।

तर, विकल्पहरुबारे बोर्डमा छलफल नगराउँदै एमसीए नेपालले २५ भदौमा ठेक्का रद्द भएको समाचार सार्वजनिक भएको थियो । तालुक मन्त्रालयका अर्थमन्त्री प्रकाशशरण महत र बोर्ड अध्यक्ष समेत रहेका अर्थसचिव कृष्णहरि पुष्कर मोरक्को भ्रमणमा रहेका बेला ठेक्का रद्द भएको खबर बाहिरिएको थियो ।

सूचना बाहिरिएपछि मन्त्रालय नै एससीए नेपालका व्यवस्थापनसँग असन्तुष्ट छ ।




मोरक्कोबाटै अर्थमन्त्री महतले यसबारे एमसीए नेपालका प्रमुख कार्यकारी अधिकृत (सीईओ) खड्गबहादुर बिष्टसँग जवाफ मागेको स्रोतको दाबी छ ।

पर्याप्त छलफल समेत नगर्ने र बोर्ड बैठकका निर्णयलाई समेत वास्ता नगर्ने एमसीए नेपाल व्यवस्थापनको कार्यशैलीसँग मन्त्रालय रुष्ट भएसँगै बोर्ड बैठक समेत बस्न नसकेको अधिकारीहरु बताउँछन् ।

'एमसीए नेपालका प्रमुख कार्यकारी अधिकृत विष्टजीसँग अर्थसचिवज्यूको सम्वाद साह्रै पातलो भयो, अर्थसचिव एमसीएको कार्यशैलीसँग सन्तुष्ट हुनुहुन्न', एक अधिकारीले भने, 'अहिलेसम्म एमसीएले पुन: टेन्डरको प्रक्रिया कसरी र कहिलेदेखि अघि बढाएर कहिलेसम्म टुंगिन्छ भन्नेबारे बोर्ड र अर्थसचिवज्यूलाई जानकारी दिएकै छैन ।'

एमसीए नेपालले बोर्ड बैठक नै नबोलाएकाले एमसीसीको फेरि गर्नुपर्ने टेन्डरबारे आफूहरु कुहिरोको कागजस्तै भएको एक बोर्ड सदस्य बताउँछन् । 'कम्तीमा बोर्डलाई ठेक्का रद्दपछि के-के काम भयो र के-के हुँदैछन् भनेर रिपोर्टिङ हुनुपर्ने हो', ती सदस्यले भने, 'अर्थसचिवज्यूसँगै एमसीएले कुराकानी नगरेको सुन्दैछु, यस्तो सम्वादहीनताले परियोजना थप समस्यामा फस्दै जाने देख्छु ।'

एमसीए व्यवस्थापनले आफ्नै बोर्डकै विश्वास आर्जन गर्न नसकेकाले परियोजनालाई भविष्यमा विभिन्न सरोकारवाला निकायबाट सहयोग हुने जोखिम समेत छ । अर्थसचिव पुष्कर नेतृत्वको एमसीएको बोर्डमा ऊर्जा मन्त्रालयका सहसचिव नवीनराज सिंह, विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, निजी क्षेत्रका तर्फबाट कुमार पाण्डे, भौतिक पूर्वाधार मन्त्रालयका एक सहसचिव सदस्य छन् भने एमसीएका सीईओ बिष्ट सदस्य सचिव छन् ।

**छैन पुन: टेन्डरको तयारी**

अहिले एमसीएले पुन: टेन्डरको लागि पर्याप्त तयारी समेत गरेको छैन । स्रोतका अनुसार एमसीएले नयाँ टेन्डरलाई अनुमानित लागतभित्रै राख्न वातावरणीय शर्तहरुलाई कहाँ खुकुलो बनाउने र डिजाइनमा कस्ता परिमार्जन गर्ने भन्ने निर्क्यौल गर्न सकेको छैन ।

डिजाइनमा भएको त्रुटि र कडा वातावरणीय शर्तहरुका कारणले ६६ प्रतिशत महँगो न्यूनतम् मूल्यको टेन्डर परेकाले एमसीएलाई टेन्डरको कागजातहरु संशोधन नगरी सुख छैन । सरकार लागत थप्न तयार नभएपछि एमसीएलाई हालकै लागत अनुमानभित्रै टेन्डर लगाउन दबाब छ ।

'प्रसारणलाइन निर्माणको सुपरभिजन गर्न छानिएको भारतीय सरकारी परामर्शदाता कम्पनी वापकोस लिमिटेडलाई रि-टेन्डरको कागजात तयार गर्न दिने योजना छ, तर यसअघि सो कम्पनीसँग भएको खरिद सम्झौतामा यस्तो काम दिने उल्लेख छैन', स्रोतले भन्यो, 'टेन्डर भेरियसन गरेर सो कम्पनीलाई अध्ययन गरेर बोलपत्रको कागजात तयार गर्न दिने योजना छ, तर कहिलेसम्म नेगोसिएसन सकाएर त्यो काम हुन्छ भन्ने निश्चित छैन ।'

बोर्ड सदस्यहरुका अनुसार एमसीए नेपालका अधिकारीहरुले अनौपचारिक रुपमा आगामी वैशाखसम्म टेन्डर आह्वान गरि सक्ने र २०८१ असोज महिनाभित्रै टेन्डर लगाएर प्रसारणलाइन निर्माणको काम सुरु गर्ने अवस्था रहेको जानकारी दिने गरेका छन् ।

'तर, सबै प्रक्रिया सामान्य रह्यो भने योजनाअनुसार हुने हो', एक बोर्ड सदस्य भन्छन्, 'अहिलेसम्म एमसीएले भनेको समयमा कुनै काम नभएको विगतको अनुभवले थप ६ महिना समय लाग्छ भन्ने मान्ने हो भने पनि २०८१ को अन्तिम महिनादेखि मात्रै प्रसारणलाइन निर्माणको काम सुरु हुनसक्ने देखिन्छ ।'

त्यतिबेलासम्म आयोजनाको कार्यान्वयन अवधि करिब डेढ वर्षभन्दा बढी सकिने र काम गर्न साढे ३ वर्ष मात्रै समय रहने ती बोर्ड सदस्यको दाबी छ । साढे ३ वर्षभित्र ३१५ किलोमिटर प्रसारण लाइन (८५६ टावर) निर्माण हुने सम्भावना नहुने भन्दै उनले आयोजना पुन:टेन्डरमा भइरहेको ढिलाइले दिनानुदिन संकट गहिरिरहेको बताए ।

गत १३ भदौदेखि ५ वर्षे अवधि गणना सुरु भएको एमसीसी परियोजना निर्माणको तोकिएको अवधिभित्र काम नसकिए खर्च नभएको अमेरिकी अनुदान फिर्ता हुने जोखिम छ ।

अमेरिकाले यो परियोजना ५० करोड अमेरिकी डलर अनुदान दिने तय छ । नेपाल सरकारले १९ करोड ५० लाख डलर खर्चन लागिएको यो परियोजना ९१ अर्ब रुपैयाँ बराबरको हो ।

कार्यान्वयनमा गएको यो परियोजनाको न्यू-बुटवल, दमौली र रातमाटे सबस्टेसन निर्माणतर्फको ठेक्का पनि लाग्न सकेको छैन । यो टेन्डर मूल्यांकनको प्रक्रियामै छ र त्यसमा पनि प्रसारणलाइनमाजस्तै लागत अनुमानभन्दा बढीको मूल्य कबोल भए के गर्ने भन्ने त्रास एमसीएका अधिकारीहरुलाई छ ।

यो आयोजनाको पूर्वतयारीको काम समेत सन्तोषजनक रुपमा अघि बढेको छैन । अहिलेसम्म एमसीसी परियोजनाको प्रशारणलाइन बन्ने जग्गाको मुआब्जा वितरण सुरु भएको छैन । विवाद नभएका जग्गाहरु अधिग्रहण गर्ने गरी कारोबार रोक्काको सूचनासम्म निस्किएका छन् । तर, आयोजना क्षेत्रका १० वटै जिल्ला प्रशासन कार्यालयहरुले अहिलेसम्म जग्गाको मूल्य निर्धारण गरिसकेका छैनन् । विवाद भएका जग्गाको मुद्दाहरु सल्टाएर रोक्काको सूचना निकाल्न समेत बाँकी छ ।

एमसीसीका लागि चाहिने जग्गामध्ये आधाजसो सरकारी तथा सार्वजनिकमा पर्छ भने आधाजसो निजी जमिन अधिग्रहण गर्नुपर्ने अनुमान छ । तारको मुनि रहने जमिन (दायाँ-बायाँ २३-२३ मिटर)को क्षतिपूर्ति मूल्यांकनको १० देखि २५ प्रतिशतसम्म मात्रै मूल्य दिने योजना रहेकाले स्थानीय बासिन्दालाई मनाउन सकस छ ।

झन् एमसीसी परियोजनाबारे सर्वसाधारणमा रहेको नकारात्मक धारणाले चुनौती छ । परियोजनाहरुमा जटिल मानिने रुख कटानीको प्रक्रियामा एमसीए नेपाल प्रवेश नै गरेको छैन ।

सबै तर्फबाट आयोजना चुनौतीको अवस्थामा रहँदा एमसीए नेपाल र उसको बोर्डसहित अर्थ मन्त्रालयबीच नै सघन छलफल नहुँदा आयोजनाको भविष्यबारे सरकारभित्रै चिन्ता छाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'दुई कदम'को गीत छायांकनमा इओनसँग रोमान्टिक वर्षा



काठमाडौं/मंसिर २९ गतेबाट प्रदर्शनमा आउन लागेको उदय सुब्बा निर्देशित फिल्म 'दुई कदम'को एक गीत दुई दिन लगाएर काठमाडौंको ठमेलस्थित १० एक्स क्लबमा छायांकन गरिएको छ । 'ए मेरा बाबै नि' बोलको डान्सिङ गीतमा फिल्मका मुख्य अभिनेता इओन लिम्बुले नृत्य गरेका छन् भने उनलाई अभिनेत्री वर्षा सिवाकोटीले साथ दिएकी छन् । फिल्मको यो गीतमा मात्र वर्षा देखिनेछिन् ।

गीतमा आशिष अबिरल र निरुषा भट्टराईको स्वर, निरुषाको शब्द रचना र आशिषको संगीत छ । आशिषकै एरेन्ज तथा मिक्सिङ र मास्टरिङ रहेको गीतमा कविराज गहतराजको कोरियोग्राफी छ भने सौरभ लामाको छायांकन छ । वर्षाले गीत राम्रो लागेपछि काम गरेको बताएकी छन् । यो गीतले राम्रो चर्चा पाउने उनको विश्वास छ । इओन भने वर्षासँग स्क्रिन शेयर गर्न पाउँदा दंग छन् ।

फिल्ममा इओनका साथै सुनिल थापा, कविता आले, सुरवीर पन्डित, प्रेम सुब्बा, गौरव पहारी, सिमोन गिरी, बुद्धि तामाङ, अर्जुन गुरुङ, विमला लिम्बु, जीवन लिम्बु, चन्दा दाहाल र प्रितिका शर्माको पनि अभिनय छ । अजम्बरी फिल्मस्को व्यानरमा निर्माण भएको फिल्ममा तारा देवी लिम्बुको लगानी छ । दयाराम घिमिरेको कथा/पटकथा रहेको फिल्मका छायाँकार विक्रम डिसी हुन् ।

फिल्ममा ताराप्रकाश लिम्बु र विकास चौधरीको संगीत, डिपी खनालको रचना, राजु किराँतीको द्वन्द्व निर्देशन, कविराजसँगै रामजी लामिछानेको कोरियोग्राफी र प्रविन ढकालको सम्पादन छ । एफडी कम्पनी र रिच इन्टरटेनमेन्टले फिल्मको वितरण अधिकार लिएका छन् । निर्देशक सुब्बाले फिल्मले प्रेमकथासँगै सामाजिक विषय उठान गरेको बताए । फिल्म राम्रो बनेको उनको दाबी छ ।

# दीपक मनाङ्गेले 'कंगारु' बनाउने, निर्देशकमा सम्राट

काठमाडौं/गण्डकी प्रदेशका सांसद् तथा पूर्व खेलकुदमन्त्री राजीव गुरुङ (दीपक मनाङ्गे)ले फिल्म 'कंगारु' निर्माण गर्ने भएका छन् । सस्पेन्स, थ्रिलर र कमेडी जनरामा बन्न लागेको फिल्मको निर्देशन भने सम्राट बस्नेतले गर्नेछन् । द्वन्द्व निर्देशनमा स्थापित उनले यस अगाडि 'पासवर्ड' र 'लाखे' गरि दुई फिल्मको निर्देशन गरिसकेका छन् । फिल्मको स्क्रिप्ट लेखनमा मात्रै २ वर्ष लागेको उनको भनाई छ ।

फूलमुन मोसन पिक्चर्स र उत्तरगया म्युजिक एण्ड फिल्मस्ले आस्याप इन्टरटेन्मेन्टसँग सहकार्य गरेर निर्माण गर्न लागेको फिल्मको निर्मातामा प्रेम थापा र धन बहादुर गुरुङ छन् । टिका भण्डारी र सन्तोष अधिकारी (अष्ट्रेलिया) कार्यकारी निर्माता रहेको फिल्मको सह-निर्मातमा रोनिश बहादुर बस्नेत र निशान श्रेष्ठ छन् । फिल्मको लाइन प्रोड्यूसरमा आस्याप इन्टरटेन्मेन्ट (अष्ट्रेलिया) रहेको छ ।




लक्ष्मी ज्वेलर्स (यूके)ले पनि निर्माणमा सहकार्य गरेको फिल्ममा सिमा गुरुङको कथा लेखन र महेश दवाडीको पटकथा लेखन छ । आगामी फागुनदेखि छायांकन सुरु हुने फिल्मका लागि कलाकार भने निश्चित भैसकेका छैनन् । केही कलाकारसँग भने छलफल चलिरहेको निर्देशक बस्नेतले बताए । यसपटक दर्शकले केही फरक स्वाद पाउने र फिल्मको कथा पृथक रहेको उनको दाबी छ ।

# खोलामा करेन्ट लगाउँदा गण्डकीमा ४ वर्षमा १५ जनाको मृत्यु

पोखरा/पोखरा महानगर पालिका-२९ पटनेरीमा करेन्ट लगाएर माछा मार्ने क्रममा सोमबार दम्पतीको मृत्यु भएको छ ।

खेतमा पानी लगिएको कुलोमा करेन्ट लगाएर माछा मार्ने क्रममा पटनेरी डेरा गरी बस्ने ४६ वर्षीय भीमलाल सुनार र उनकी श्रीमती सावित्रीको करेन्ट लागेर मृत्यु भएको हो ।

मुस्ताङ जोमसोमबाट पोखरामा मजदुरी गरी बस्ने भीमलाल दम्पतीलाई नै करेन्ट लागेर अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरे ।

धेरै खोला भएको गण्डकी प्रदेशमा करेन्ट लगाएर माछा मार्ने क्रममा ज्यान जानेको संख्या बढ्दै जान थालेपछि प्रहरीका निम्ति पनि टाउको दुखाइ बनेको छ । सहर र गाउँका खोलामा करेन्ट लगाएर माछा मार्न खोज्दा धेरैले ज्यान गुमाएका छन् ।

पछिल्लो ४ वर्षको अवधिमा मात्र गण्डकी प्रदेशमा करेन्ट लगाएर माछा मार्ने क्रममा १५ जनाले ज्यान गुमाएको प्रहरीको तथ्यांक छ । धेरै माछा छिटो मार्न सकिने भन्दै करेन्ट लगाउँदा एकातिर जलचरको धेरै क्षति भएको छ भने अर्कोतर्फ मानवीय क्षति पनि भएको प्रदेश प्रहरी प्रमुख वुद्धिराज गुरुङले बताए ।

'गैरकानुनी रुपमा माछा मार्ने क्रममा ठूलो संख्यामा मान्छे मार्न थालेपछि हाम्रो लागि पनि चुनौती बनेको छ', प्रदेश प्रहरी प्रमुख गुरुङले भने, 'ज्ञान नभएर हो या प्रशासनले कारबाही गर्छ भन्ने थाहा नभएर हो, यो क्रम रोक्न सकिएन । यसमा सचेतना बढाउनुपर्ने देखियो ।'

गण्डकी प्रदेशमा ४ वर्षमा १५ जनाको मृत्यु भइसकेको छ भने करेन्ट लगाएर माछा मार्ने काममा संलग्न १३ जना पक्राउ परेका छन् ।

जलचर संरक्षण ऐन २०१७ को दफा ३ अनुसार विद्युतीय धार प्रवाह (करेण्ट) लगाएर सार्वजनिक जलमा जलचरलाई समात्न वा मार्न पाइँदैन । बिस्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न पनि कानुनले बर्जित गरेको छ ।

गैरकानुनी रुपमा यस्तो कार्य गरे हानी नोक्सानीको विगो बराबरको क्षतिपूर्ति गराई ६ महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । तर, गैरकानुनी रुपमा यसरी माछा मार्न खोज्दा धेरैले ज्यान गुमाएका हुन् ।

आर्थिक वर्ष ०७७/०७८ मा स्याङ्जामा १ जना र तनहुँमा १ जना गरी २ जनाले ज्यान गुमाएका थिए भने २ जना पक्राउ परे । त्यसको पछिल्लो वर्ष नवलपरासी पूर्वमा करेन्ट लागेर ७ जनाले ज्यान गुमाए । अघिल्लो आर्थिक वर्षमा नवलपरासी पूर्व र स्याङ्जामा गरी २ जनाले ज्यान गुमाए भने ३ जना पक्राउ परे ।

चालु आर्थिक वर्षमा अहिलेसम्म कास्की, पर्वत, स्याङ्जा र तनहुँमा गरी ५ जनाले ज्यान गुमाएका छन् । करेन्ट लगाएर माछा मार्ने ४ जना पक्राउ परेका छन् ।

प्रदेश प्रहरी प्रमुख गुरुङ करेन्ट लगाएर माछा मार्नु गैरकानुनी हो, यसरी धेरै जनाको ज्यान गएको छ र धेरै जनालाई प्रहरीले कारबाही गरेको छ भनेर स्थानीय स्तरदेखि नै चेतना जगाउनुपर्ने बताउँछन् ।*(स्रोत: अनलाइनखबर)*

# सहकारी ठगीमा मिलापत्र गर्न सक्ने महान्यायाधिवक्ता कार्यालयको निर्णय

काठमाडौं/महान्यायाधिवक्ता कार्यालयले सहकारी ठगीमा मिलापत्र गर्न सक्ने नीतिगत निर्णय गर्दै मातहतका सरकारी वकिल कार्यालयहरुमा परिपत्र गरेको छ । महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालका अनुसार सहकारी ठगीको मुद्दा मिलापत्र गर्न सकिने भनेर सर्वोच्च अदालतबाट एउटा मुद्दामा व्याख्या गरेको थियो ।

'हाम्रो अध्ययनले पनि त्यही निष्कर्ष निकालेको छ, ठगिएका पीडितहरुले रकम पाएपछि मुद्दा फिर्ता लिन मञ्जुरी दिई मिलापत्रको प्रस्ताव गरेमा त्यसलाई अगाडि बढाइदिने भन्ने निर्णय भएको हो', उनले भने ।

सहकारी ऐन अन्तर्गत चलेका ठगी मुद्दामा यसअघि मिलापत्रको अभ्यास थिएन । पछिल्लो समय सहकारी ठगीका धेरै घटना सार्वजनिक भएपछि प्रहरीमा उजुरी र अदालतसम्म मुद्दा पुग्न थालेका बेला महान्यायाधिवक्ता कार्यालयले मुद्दा मिलापत्र हुन सक्ने निर्णय गरेको हो ।

सहकारी ऐन २०७४ को दफा १२२ ले सदस्यको बचत ऐन, नियम र विनियम बमोजिमबाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग भएमा कसुर गरेको मानिने व्यवस्था गरेको छ । साथै तोकिएको भन्दा बढी ऋण लगानीमा जमानत वा सुरक्षण नराखेमा, सहकारी संस्थाको बचत वा सेयर रकम हिनामिना गरेमा पनि कसुर मानिने व्यवस्था छ ।

ऋण असुल हुन नसक्ने गरी समितिका सदस्य, आफन्त वा अन्य व्यक्ति र कर्मचारीलाई ऋण दिएमा, कृत्रिम व्यवसाय खडा गरी ऋण दिएमा, धितोको बढी मूल्यांकन भएमा पनि कसुर हुने व्यवस्था ऐनमा छ । त्यस्तै सहकारीको स्रोत जुनसुकै कारणले दुरुपयोग गरेमा वा कीर्ते गरेमा कसुर हुने व्यवस्था पनि ऐनमा छ ।



सहकारी ऐनको दफा १२४ ले १२२ अनुसारका कसुरमा जरिवाना, विगो दाबी र जेल सजायको व्यवस्था गरेको छ । सहकारी ऐनले सहकारी ठगीमा मिलापत्र गर्नसक्ने उल्लेख छैन ।

'सदस्यको बचत सहकारी ऐन, ऐन अन्तर्गत बनेको नियम र विनियमबाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा कसुर गरेको मानिने छ,' ऐनको दफा १२२ को खण्ड (ख) मा भनिएको छ ।

सोही ऐनको दफा १२४ को खण्ड (ग) मा उक्त कसुरमा विगो बराबरको जरिवाना र ३ वर्ष कदै सजाय हुने व्यवस्था गरेको छ ।

वित्तीय क्षेत्रका जानकार पूर्वबैंकर भुवन दाहाल वित्तीय कारोबारसँग सम्बन्धित मुद्धामा विगो दाबीसँगै सजाय वा जरिवाना हुनुपर्ने बताउँछन् । मिलापत्रको व्यवस्थाले गलत नियतले वित्तीय कारोबार गर्नेले उन्मुक्ति पाउने उनको भनाइ छ ।

महान्यायाधिवक्ता कार्यालयको निर्णयको भोलिपल्ट मंगलबार सहकारी ठगी कसुरमा फरार रहेका बाग्लुङको ढोरपाटन नगरपालिकाका मेयर देवकुमार नेपालीले १८ वटा घर, काठमाडौं, पोखरा र बाग्लुङमा रहेको ४५ कित्ता जग्गाको विवरण सार्वजनिक गर्दै उक्त सम्पत्तिबाट वचतकर्ताको रकम तिर्ने भन्दै विज्ञप्ति जारी गरेका छन् । उनको इमेज सहकारीले वचतकर्ताको रकम फिर्ता नगरेको भन्दै उजुरी परेको छ र सोही कारण उनी फरार छन् ।

सहकारी ठगीमा राजनीतिक व्यक्तिहरुको पनि संलग्नता सार्वजनिक भएपछि उनीहरुलाई सहज हुने गरी महान्यायाधिवक्ता कार्यालयको निर्णय आएको यस क्षेत्रका जानकारहरु बताउँछन् । शिवशिखर र तुलसी बहुमुखी सहकारी ठगीमा प्रहरीले अनुसन्धान गरी सरकारी वकिलले मुद्दा दायर गरिसकेको छ । त्यस्तै सिभिल सहकारी ठगीमा संविधानसभा सदस्य इच्छाराज तामाङविरुद्ध मुद्दा चलिरहेको छ भने ओरेन्टल सहकारीका वचतकर्ताले पनि सञ्चालकविरुद्ध उजुरी गरेका छन् ।

ललितपुरको देउराली बहुउद्देश्यीय सहकारी संस्था पोखराको सुर्यदर्शन बहुउद्देश्यीय सहकारी संस्था लगायतको पनि प्रहरीले अनुसन्धान गरिहेको छ । देशभरि सहकारीको नेटवर्क नै खडा री सर्वसाधारणको अर्बौं ठगी गरेको आरोपमा गितेन्द्रबाबु (जीबी) राईलगायतविरुद्ध पनि ठगीको उजुरी परेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'रङ्गेली'मा 'जुनकिरी' मिरुना

काठमाडौं/आगामी फागुन २५ गते महाशिवरात्रीको दिनबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रङ्गेली'मा अभिनेता दयाहाङ राई ग्याङस्टार भूमिकामा प्रस्तुत हुँदैछ । उनको अपोजिटमा रहेकी अभिनेत्री मिरुना मगरले भने थारु युवतीको भूमिका निर्वाह गरेकी छन् । मंगलबार सार्वजनिक गरिएको पोस्टरमा उनलाई 'जुनकिरी'को रुपमा चिनाइएको छ । उनी निराश र भावुक भावमा प्रस्तुत छिन् ।

अर्जुन सुवेदीको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा अर्पण थापा, प्रविण खतिवडा, रमेश बुढाथोकीलगायतको पनि मुख्य भूमिका छ । हर्क साउद, अर्जुन सुवेदी र सबिन सिंहको शब्द रचना तथा सुशान्त गौतम र हर्कुलस बस्नेतको संगीत छ । फिल्मको कार्यकारी निर्मातामा जितेन्द्र खतिवडा र अनुज जङ्ग थापा रहेका छन् भने निर्मातामा संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ छन् ।




युवक कार्की र शिव शंकर चौलागाईं सह-निर्माता र विवेक खड्का (योलो) एशोसियट निर्माता रहेको 'रङ्गेली'मा सुशन प्रजापतिको छायांकन छ । सुशन प्रजापतिको छायांकन रहेको फिल्मको नेपाल प्रदर्शनभन्दा अघि अष्ट्रेलिया र अमेरिकामा प्रिमियर आयोजना गर्ने तयारी गरिएको छ । यी दुई देशका साथै जापान, कोरिया र हङकङमा पनि फिल्मको प्रदर्शन अधिकार बिक्री भैसकेको छ ।

## व्यापारीसित फिरौती मागेको आरोपमा दुईजना पक्राउ

कञ्चनपुर/कञ्चनपुरको महेन्द्रनगरमा व्यापारीलाई धाकधम्की दिएर रु पाँच लाख फिरौती मागेको आरोपमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ ।

व्यापारीसित फिरौती माग्ने बैतडीको दोगडाकेदार गाउँपालिका घर भई हाल महेन्द्रनगर बस्दैआएका ४७ वर्षीय चन्द्रदेव जोशी र दार्चुलाको लेकम गाउँपालिका घर भई भीमदत्त नगरपालिका-३ बस्ने २६ वर्षीय नरेश साउदलाई प्रहरीले पक्राउ गरेको हो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सामाजिक सूचना व्यवस्थापन प्रणालीबारे तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ सामाजिक सूचना व्यवस्थापन प्रणाली (सिम्स) को मानव बेचबिखन मोड्युलसम्बन्धी दुई दिने तालिम हेटौंडामा गरिएको छ ।

मानव बेचबिखन तथा ओसारपसारविरुद्ध तथ्यांक व्यवस्थित गर्दै कार्य प्रक्रियालाई सहज बनाउने उदेश्यले बनाइएको सिम्स कार्यान्वयनमा ल्याइएकोमा यसको प्राबिधिक पाटोमा तालिम दिइएको हो । सिम्स कार्यान्वयनको क्रममा देशभरकै स्थानीय तहमा एकीकृत रुपमा सूचना व्यवस्थापन गर्नको लागि सरोकारवालालाई कार्यक्षमता विकासको लागि तालिम दिइएको आयोजकले जनाएको छ । युएसएडको आर्थिक सहयोगमा वीन रक इन्टरनेशनद्वारा संचालित र हाम्रो सम्मान परियोजना र संघीय सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सयुक्त प्राविधिक सहयोग र शान्ति फाउन्डेसनको समन्वयमा सिम्स निर्माण गरिएको हो ।



कार्यक्रममा संघीय सरकार ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव रामहरि गैरे, वीन रक परियोजनाका रत्नकाजी श्रेष्ठ, दिपेन्द्र शर्मा, तीर्थ न्यौपाने, प्रोफेसनल कम्प्युटर सिस्टम (पिसिएस) का प्रतिनिधि लिड सृटवेयर इन्जिनियर प्रेरिकालक्ष्मी प्रधान र संजित थारुचौधरीले सहजीकरण गरेका थिए । कार्यक्रममा मकवानपुरको मनहरी र बकैया गाउपालिका, हेटौंडा उपमहानगरपालिका, काठमाडौंको काठमाडौं महानगर पालिका, बुढानिलकण्ठ नगरपालिका, टोखा नगरपालिका, सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका, पांचपोखरी थाम्पाल र भोटेकोसी गाउँपालिका गरी ९ वटा स्थानीय तहका सूचना अधिकृत र महिला बालबालिका शाखाका कर्मचारीलाई तालिम प्रदान गरिएको शान्ति फाउन्डेसन मकवानपुर जिल्ला अधिकृत सीता गुरुङले बताइन् ।

यसैगरी बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको महिला बालबालिका शाखाप्रमुख र प्रतिनिधि, शान्ति फाउन्डेसन सिन्धुपाल्चोकको जिल्ला अधिकृत श्याम गोले, मकवानपुर जिल्ला प्रतिनिधि देबकी ढुंगाना, माइती नेपाल मकवानपुर, हिरण्य नेपाल, सिविन बाल हेल्पलाइनलागयत सामाजिक संस्थाहरुको प्रतिनिधिको समेत उपस्थिति रहेको थियो । तालिममा प्राबिधिक सहयोग प्रोफेसनल कम्प्युटर सिस्टमले गरेको थियो । जिल्लाको वडातह, स्थानीय तहदेखि संघीय स्तरसम्म सिम्स मार्फत एकीकृत गर्ने प्रणालीको लागि देशको झण्डै ३ सय स्थानीय तहले सिम्स प्रणालीलाई अपनत्व गरेको उपसचिव गैरेले बताए ।

सिम्स प्रणाली मार्फत् तथ्यांक व्यवस्थापन गर्दा सबै स्तरको तथ्यांकहरु एकीकृतरुपमा रहने र अन्य कार्यमा समेत सहज हुने भएकोले सबै तहको सरकारले अपनत्व गर्नु आवश्यक रहेको शान्ति फाउन्डेसनकी अधिकृत गुरुङले बताइन् । कार्यक्रमको उद्घाटन बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानले गरेकी थिइन् । मानव बेचबिखन तथा ओसारपसार विरुद्धको प्रदेशस्तरीय संरक्षण नीतिलाई प्रदेशसभाबाट चाँडो पास गर्ने र यस्तो नीतिगत सवालमा काम गर्न सहज हुने मन्त्री मोक्तानले बताइन् । सिम्स प्रणाली स्थानीय तहमा कार्यान्वयनमा देखिएको समस्या बारे, प्राबिधिक सहयोग, ज्ञान, निर्देशिकाबारे जानकारी पर्याप्तता वा अभावबारे सहभागीसँग छलफल र प्रतिक्रिया आदानप्रदान समेत गरिएको थियो ।

# टिजिटी क्लबले जित्यो दीपावली कप फुटबल उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ मक्वानपुरको इन्द्रसरोवर गाउँपालिकामा भएको पालिकास्तरीय दीपावली कप फुटबल प्रतियोगितको उपाधि टिजिटी क्लबले हात पारेको छ । इन्द्रसरोवर गाउँपालिका-२ को कुलेखानी क्लबलाई ३-४ गोल अन्तरले टिजिटी ५ नम्बर वडाले पराजित गर्दै टिजिटीले जित हासिल गरेको हो ।

विजयी भएसँगै टिजिटीले नगद १ लाख शिल्ड, मेडल, प्रमाणपत्र पुरस्कार पाएको छ । उपविजेता कुलेखानीले नगद ५० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र पुरस्कार पाएको छ । प्रतियोगितामा तेस्रो भएको लिटल स्टारले नगद १५ हजार मेडल प्रमाणपत्र पाएको छ । गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको प्रमुख आतिथ्यमा भएको पुरस्कार वितरण कार्यक्रममा



गाउँपालिकाका पूर्वअध्यक्ष जीवन लामा, ४ नम्बर वडाध्यक्ष चन्द्रकुमार बल, सुरक्षाकर्मी लगायतको आतिथ्यता रहेको थियो । प्रतियोगितामा सेतिदेवी टिम उत्कृष्ट घोषित भएको थियो । सर्वाधिक गोलकर्ता मिलन लामा र उत्कृष्ट खेलाडी मनिष गोले घोषित भएको आशबहादुर ब्लोनले जानकारी दिए ।

इन्द्रसरोवर गाउँपालिका-४ फाखेलचौरमा १९ असोजबाट प्रतियोगिता सुरु भएको थियो । १६ टिमको सहभागिता रहेको प्रतियोगिता इन्द्रसरोवर गाउँपालिका-४ को सहयोगमा लालिमा युवा क्लबले आयोजना गरेको हो ।

# च्यालेन्ज कप फुटबल: एनजेजेवाईसीको विजयी सुरुवात

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ हेटौंडा स्पोर्टस् मुण्डियालको आयोजनामा सुदर्शन घिमिरे स्मृति यु-२१ हेटौंडा च्यालेन्ज कप फुटबल प्रतियोगिता सुरु भएको छ ।

हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा मंगलबार भएको उद्घाटन खेलमा नवजनजागृति युवा क्लब सिमरा (एनजेजेवाईसी) ले विजयी सुरुवात गरेको छ । हेटौंडा-७ नागस्वतीस्थित नागस्वती युवा क्लबलाई सडनडेथमा ७-६ गोलले हराउँदै नवजागृतिले विजयी सुरुवात गरेको हो ।

निर्धारित खेल समय २-२ गोलको बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । ट्राइब्रेकरमा पनि बराबरी भएपछि खेलको निर्णय सडनडेथबाट भएको हो । जितसंगै नवजनजागृति प्रतियोगिताको क्वाटरफाइलमा प्रवेश गरेको छ । नव जनजागृति सेमिफाइलन प्रवेशका लागि मंसिर ८ गते वीरगञ्ज स्पोर्ट्स एकेडेमीसंग प्रतिस्पर्धा गर्नेछ ।

बुधबार दुई खेल हुनेछ । पहिलो खेल बिहान १० बजे रिगल हेटौंडा रिसोर्ट र थाहा नगर पालिकाबीच हुनेछ भने दोस्रो खेल दिउँसो १ बजे न्यू डाँफे युथ क्बल र पदमपोखरी फुटबल क्लबबीच हुने आयोजकले जानकारी दिएको छ ।

प्रतियोगिताको विजेताले नगद १ लाख ११ हजार एक सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले नगद ५५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । विधाग रुपमा उत्कृष्ट हुने पाँच जना खेलाडी तथा प्रशिक्षकलाई नगद ५/५ हजार प्राप्त गर्नेछन् । प्रतियोगितामा मकवानपुरका ११ सहित १४ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल मङ्सिर १३ गते हुनेछ ।

# ४ नम्बर वडाले जित्यो पालिकास्तरीय भलिबल उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ मकवानपुरको बकैया गाउँपालिकामा आयोजना भएको पालिकास्तरीय भलिबल प्रतियोगिताको उपाधि दोस्रो पटक पनि वडा नम्बर ४ ले जितेको छ । फाइनल खेलमा वडा नम्बर ८ लाई हराउँदै ४ नम्बरले उपाधि जितेको हो ।

साविक विजेतासमेत रहेको वडा नम्बर ४ ले वडा नम्बर ८ लाई ३-१ सेटले हराएको हो । पहिलो सेट २१-२५ ले गुमाएको वडा नम्बर ४ ले त्यसपछि क्रमश: २५-१८, २५-१४ र २५-१८ सेटको नतिजा आफ्नो पक्षमा पार्‍यो । खेलको म्यान अफ द म्याच वडा नम्बर ४ का राजकुमार राई घोषित भए । उपाधि विजेता वडा नम्बर



४ ले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् भने उपविजेता टिमले २० हजार रुपैयाँ प्राप्त गरेका छन् ।

शनिबार भएको सेमीफाइनल खेलमा ३ नम्बर वडालाई पराजित गर्दै ४ नम्बर वडा फाइनलमा प्रवेश गरेको थियो भने ७ नम्बर वडालाई पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो । प्रतियोगितामा ८ वटा वडाका टिमको सहभागिता रहेको थियो ।

# ऋृषेश्वर मन्दिर परिसरमा सरसफाई, राखियो डस्टबिन



साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/नेकपा माओवादी निकट वाइसीएल थाहानगर वडा नम्बर-४ को कमिटीले नगरको प्रसिद्ध धार्मिकस्थल ऋृषेश्वर मन्दिर परिसरमा सर सफाइ गरेको छ ।

आगामी मंसिर ७ गते लाग्ने हरीबोधनी एकादशीको मेलालाई लक्षित गर्दै ऋृषेश्वर मोडदेखि मन्दिर सम्मको एक किलोमीटर बाटो र मन्दिर परिसर सरसफाइ गरेको माओवादी ४ नम्बर वडाका सचिव गणेश लामाले जानकारी दिए ।

माओवादी केन्द्रको तीन महिने अभियान अन्तर्गत वडा पार्टी र वाइसीएलले संयुक्तरुपमा सरसफाइ गरेको हो । वाइसीएल ४ नम्बर वडा कमिटीले मेलापछि धेरै फोहोर हुने भएकोले ९ गते मन्दिर प्रवेशद्वार देखि मन्दिरसम्म पुन: सरसफाइ गर्ने पनि सचिव लामाले बताए । माओवादी केन्द्रका ८५ जना कार्यकर्ताको सहभागितामा सरसफाइ कार्यक्रम गरिएको माओवादी थाहानगरका अध्यक्ष बिनोदकुमार लामाले बताए ।

यसैबीच थाहा नगर पालिका वडा नम्बर ४ को कार्यालयले ऋृषेश्वर मन्दिर परिसरको विभिन्न स्थानमा फोहोर फाल्नको लागि डस्ट्वीन राखेको छ । वडाअध्यक्ष नारायण लामाले ९ थान डस्वीन ऋृषेश्वर मन्दिरमा बस्दै आइरहेका गुरु जितेन लामालाई डस्टविन हस्तान्तरण गरेका हुन् ।

# नि:शुल्क शिविर गर्दै आँखा अस्पताल

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ हेटौंडा सामुदायिक आँखा अस्पतालले मकवानपुरसहित तराईका जिल्लाहरुमा आँखा शिविर संचालन गर्ने भएको छ । तिलगंगा आँखा प्रतिष्ठानद्वारा संचालित अस्पतालले मंसिर र पुस महिनामा मकवानपुर, बारा, पर्सा, रौतहट, सर्लाहीलगायत जिल्लाहरुमा नि:शुल्क आँखा शिविर गर्ने जनाएको छ ।

आफ्नो तालिका अनुसार मंसिर र पुसमा विभिन्न जिल्लामा नि:शुल्क शिविर गर्दै आइरहेको




आँखा अस्पतालले यो वर्ष पनि नि:शुल्क शिविर गर्न लागिएको व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिए । उनका अनुसार आगामी ८, ९, २५ र २६ गते मकवानपुरको बागमती गाउँपालिकामा नि:शुल्क आँखा शिविर हुनेछ । यस्तै सर्लाहीलगायतका तराईका जिल्लाहरुमा भने पुस महिनाबाट शिविर संचालन गरिने श्रेष्ठले बताए ।

जाडो मौसम सुरु भएसँगै आँखाको शल्यक्रिया गर्नु उपयुक्त हुने भएकोले आँखा अस्पतालले स्थानीय समुदायसँगको सहकार्यमा शिविरको आयोजना गर्ने गरेको अस्पतालले जनाएको छ । नि:शुल्क आँखा शिविरमा आँखाको परीक्षण गर्नुका साथै मोतिविन्दुको समस्या भएका बिमारीको शल्यक्रिया नि:शुल्क रुपमा गर्ने ब्यबस्था गरिने ब्यबस्थापक श्रेष्ठ बताए । मोतिविन्दुको शल्यक्रियाका लागि बिरामीलाई नि:शुल्क खानेबस्ने सुबिधासहित यातायातको ब्यबस्था गरी हेटौंडास्थित अस्पतालमै ल्याउने गरिएको उनले जानकारी दिए ।

# राष्ट्रपति र प्रधानमन्त्री निवास वरपर पनि निषेधाज्ञा



बालुवाटारमा गरिएको एक प्रदर्शन

काठमाडौं, ५ मंसिर/ जिल्ला प्रशासन कार्यालय, काठमाडौंले महाराजगञ्जस्थित राष्ट्रपति कार्यालय शितलनिवास र प्रधानमन्त्री निवास वालुवाटार वरिपरिको क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको छ ।

जिल्ला सुरक्षा समितिको सिफारिसका आधारमा भन्दै शितलनिवास र बालुवाटार क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरिएको हो ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) अनुसार, तोकिएको निषेधित क्षेत्रमा ३० दिनसम्म ५ जनाभन्दा बढी व्यक्ति भेला भएर जुलुस, प्रदर्शन, धर्ना, घेराउन, अनशन सभा लगायतका आन्दोलन वा विरोधका कार्यक्रम गर्न पाइने छैन ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतका अनुसार, शितलनिवासमा पूर्वतर्फ पवित्र वर्कसपसम्म, पश्चिममा सामाखुशी निस्किने नालासम्म, उत्तरमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको दक्षिण पूर्वी गेटसम्म र दक्षिणमा प्रहरी अस्पताल जाने मोडसम्म निषेधित क्षेत्र तोकिएको छ ।

बालुवाटारमा पवित्र वर्कसप चोकबाट बालुवाटारतर्फ नेपाल राष्ट्र बैंक चोकसम्म र सभामुख निवासदेखि गैह्रीधारा जाने बाटोको पश्चिम दक्षिण १०० मिटर सम्म निषेधित क्षेत्र तोकिएको छ ।

विशिष्ट पदाधिकारीको निवास, कार्यालय वा मुलुकको प्रशासनिक केन्द्र तथा मुख्य आगमन मार्गहरुमा भेला भएर धर्ना, घेराउ लगायतका कार्यक्रम गर्दा विभिन्न समूहबीच आपसी विवाद, झैझगडा, मुठभेड भएर शान्ति, सुरक्षा भंग हुनसक्ने तर्क गर्दै प्रशासनले यो आदेश जारी गरेको हो ।

मंगलबारै जिल्ला प्रशासन कार्यालय ललितपुरले पनि मन्त्री निवास पुल्चोक क्षेत्रमा निषेधाज्ञाको आदेश जारी गरेको छ । काठमाडौं प्रशासनले सोमबार मात्रै माइतीघर मण्डलादेखि बानेश्वर सम्मको क्षेत्रमा निषेधाज्ञा लगाउने निर्णय गरेको थियो ।

७ मंसिरमा युवा संघ र दुर्गा प्रसाईं नेतृत्वको समूहले आयोजना गरेको छुट्टाछुट्टै शक्ति प्रदर्शनको कार्यक्रमको पूर्वसन्ध्यामा प्रशासनले यो निर्णय गरेको हो ।

## अनलाइनमार्फत सट्टेबाजी गराएको आरोपमा ६ जना पक्राउ

काठमाडौं, ५ मंसिर/ अनलाइनमार्फत सट्टेबाजी खेल खेलाएको अभियोगमा ६ जनालाई आइतबार दिउँसो प्रहरीले ललितपुरको विभिन्न स्थानबाट पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धनकुटा जिल्ला धनकुटा नगरपालिका-७ घर भई ललितपुर नख्खिपोट बस्ने ३० वर्षीय अङ्कित श्रेष्ठ, सोलुखुम्बु थुलुङ दुधकोशी गाउँपालिका-२ घर भई ललितपुर कुसुन्ती बस्ने २२ वर्षीय आमोश राई, उदयपुर चौदण्डीगढी नगरपालिका-३ घर भई ललितपुर थेचो बस्ने २० वर्षीया निका राई, सिन्धुपाल्चोक लिसङ्खुपाखर गाउँपालिका-७ घर भई ललितपुर भैंसेपाटी बस्ने २९ वर्षीय विजय थापा, बाग्लुङ बरेङ गाउँपालिका-४ घर भई ललितपुर खुमलटार बस्ने २७ वर्षीय पर्वत पुन र सोलुखुम्बु थुलुङ दुधकोशी गाउँपालिका-२ घर भई ललितपुर कुसुन्ती बस्ने २७ वर्षीय डेकर राई रहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

उनीहरूले अनलाइन ग्यामबलीङ तथा अनलाइन क्यासिनो खेलमा अनलाइन मार्फत बाजी राख्दा जितिन्छ भन्ने बिश्वास दिलाई हारजित हुने र आफूले लाभ लिने उद्देश्य राखी रकमको वाजी राख्न लगाई सट्टावाजी गराई खेल खेलाउने गरेको भन्ने सूचना प्राप्त भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूले विभिन्न सामाजिक सञ्जाल लगायत विभिन्न अनलाइन ग्यामबलिङ प्लेटफर्म प्रयोग गरी अनलाईन मार्फत् रकमको वाजी राख्न लगाई सट्टावाजी गराई खेल खेलाउने गरेको अनुसन्धानबाट खुल्न आएको छ ।

# घरेलु मैदानमा यमनसँग नेपाल स्तब्ध

काठमाडौं, ५ मंसिर/ फिफा विश्वकप २०२६ र एएफसी एसियन कप २०२७ को संयुक्त छनोट अन्तर्गत दोस्रो चरणमा नेपालले लगातार दोस्रो हार बेहोरेको छ ।

समूह एच अन्तर्गत मंगलबार घरेलु मैदानमै नेपाल यमनसँग २-० ले पराजित भएको हो । १३ हजार भन्दा बढी दर्शकमाझ घरेलु मैदानमा नेपालले यमनविरुद्ध सन्तोषजनक प्रदर्शन गर्न सकेन ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालमा भएको खेलमा यमनलाई जित दिलाउन वैकल्पिक खेलाडीको रुपमा मैदान प्रवेश गरेका ओमार अब्दुल्लाह अल-दाही र मोहम्मद अब्दुल्लाह अल-दाहीले दोस्रो हाफमा गोल गरे ।

ओमारले ७२ औं मिनेटमा गोल गर्दै यमनलाई अग्रता दिलाएका थिए । उनले नेपाली लेफ्ट ब्याक आशिष चौधरी उपचारका क्रममा मैदान बाहिर रहँदा गोल गरेका थिए ।

यस्तै मोहम्मद अब्दुल्लाह अल-दाहीले खेलको अन्त्यतिर गोल गर्दै यमनको जित पक्का गरे ।

दोस्रो चरणको छनोटमा यमनको यो पहिलो जित हो । यमनले दुई खेलबाट ३ अंक जोडेको छ । पहिलो खेलमा यमन बहराइनसँग २-० ले पराजित भएको थियो । पहिलो खेलमा नेपाल युएईसँग ४-० ले पराजित भएको थियो ।



दुई खेलपछि नेपाल समूह एचमा अंकविहीन छ ।

यस समूहमा युएई र बहराइन बलियो टोली भएकाले नेपालसामु घरेलु मैदानमा यमनलाई हराएर अंक जोड्ने अवसर थियो । विशेषगरी फिनिसिङमा नेपालले राम्रो गर्न सकेन ।

मुख्य प्रशिक्षक भिनसेन्जो अल्बर्टो एनेसले यमन विरुद्ध पहिलो रोजाईंमा यसअघिको खेलबाट तीन खेलाडी परिवर्तन गरेका थिए । चोटबाट पुनरागमन गरेका अनन्त तामाङ, दिनेश हेन्जनसँगै एरिक विष्ट पहिलो रोजाईमा खेलेका थिए ।

तर अनन्नतले ७२औं मिनेटमा चोटका कारण मैदान छाडे । उनलाई स्ट्रेचरमै राखेर मैदान बाहिर ल्याइएको थियो ।


यस्तै यसै खेलबाट राजेश परियारले राष्ट्रिय टिममा डेब्यु गरे । राजेशले ७२ औं मिनेटमा अञ्जन विष्टको स्थानमा मैदान प्रवेश गर्दै सिनियर टोलीबाट डेब्यु गरेका हुन् ।

दोस्रो हाफमा आयुष घलान, मनिष डाँगी र हिसुब थपलियालाई नेपालले मैदान प्रवेश गराएको थियो ।

यमनविरुद्ध नेपाली टिममा किरण कुमार लिम्बु (कप्तान), रोहित चन्द, अनन्त तामाङ (योगेश गुरुङ ७३औं मिनेट), सनिश श्रेष्ठ, आशिष चौधरी, एरिक विष्ट (मनिष डाँगी ७३औं मिनेट), उत्सव राई, दिनेश हेन्जन (हिसुब थपिलया ५६औं मिनेट), अन्जन विष्ट (राजेश परियार, ७३ औं मिनेट), जिलेस्पी जंग कार्की (जिलेस्पी जंग कार्की ६९औं मिनेट), सेसेहाङ आङ्देम्बेले खेलेका थिए ।

जय शिव शम्भो

धार्मिक यात्रामा जाने हो ?



मथुरा, वृन्दावनको लागि २०८० मंसिर १४ गते रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।

(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

सम्पर्क:

गोपाल थापा

हेटौंडा बसपार्क

९८४५२९७६८१

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना